# ६

# उद्धार

हजुरआमाले टुक्की फूलहरू चटचट केलाएर सक्नुभयो। त्यसपछि उहाँ आफ्नो लट्ठी टेकेर घरभित्र जानुभयो र आफ्नो कुर्सीमा बस्नुभयो। उहाँ साह्रै थाक्नुभएको थियो र छिट्टै उहाँको टाउको आफ्नो छातीनेर लरक्क ढल्यो र उहाँ मस्त निदाउनुभयो। हजुरआमा पहिले भन्दा झन् कूँजो र झण्डै अन्धो नै हुनुभएको थियो, र उहाँ प्राय: एकदम थकित बन्नुहुन्थ्यो। तर उहाँ आफ्ना दुई नातिनातिनीहरूलाई खूब माया गर्नुहुन्थ्यो, र उनीहरूका लागि सकेसम्म काम गर्न चाहनुहुन्थ्यो। यसकारण उहाँ आफ्ना कूँजा हातहरूले खाना पकाइरहनुहुन्थ्यो र दु:खिरहेका, तन्काएर हेर्नुपर्ने आँखा भए पनि उनीहरूका फाटेका लुगा टालटुल गरिरहनुहुन्थ्यो। अनिताले कहिल्यै यो कुरा थाहा पाउँदिनथिन्; किनकि तिनी भर्खर बाह्र वर्षकी थिइन् र हजुरआमाले पनि कहिल्यै गनगन गर्नुहुन्नथियो। उहाँले उनीहरूलाई माया गरेर काम गर्नुहुन्थ्यो; यसैले त्यो उहाँलाई त्यत्ति अप्ठ्यारो कुरा लाग्दैनथ्यो।

हजुरआमा आज धेरै बेरसम्म उँग्नुभयो। अनिता तल गाउँको पसलमा गएकी थिइन्, तिनको बुवा माथि बनमा दाउरा काट्न र थुपार्न जानुभएको थियो। उहाँले दानिएलको ऊनी मोजाहरू तुन्ने–टाल्ने र उसको नीलो कोटको कुममा टालो हाल्ने विचार गर्नुभएको त थियो, तर उहाँ

बढ़ी थाक्नुभएको थियो। यसैले उहाँले आफ्ना नचल्ने बूढ़ा हातहरू आफ्नो काखमा खुम्च्याउनुभयो र कुक्कु चरा घड़ीबाट निस्केर तीन घण्टी हान्दा सम्म पनि उहाँ बिउँझनुभएन। जब हजुरआमा बिउँझेर घड़ी हेर्नुभयो, तब झण्डै चार बज्नै लागेको थियो। आपत र अचम्म लाग्दै उहाँले अतालिएको स्वरले सुस्केरा निकाल्नुभयो। दानिएल साढ़े दुई बजेतिर बाहिर निस्केको थियो र अझसम्म ऊ फर्की आएको थिएन। ऊ कहाँ पुगेको होला? 'दानि!' उहाँले तीखो स्वरमा बोलाउनुभयो; किनकि ऊ लुकिरहेको हुन सक्थ्यो। शायद एकैछिनमा रातोपिरो भएर ऊ सधैंझैं दराजबाट हतारिँदै र तर्सिंदै आउँछ कि? तर उसको कुनै अत्तोपत्तो भएन। हजुरआमा बरण्डातिर लरखराउनुभयो र आफ्ना धमिला आँखा फिँजाउनुभयो। शायद उसलाई फुत्रुक-फुत्रुक घरतिर आइरहेको उहाँले भेट्टाउनुहुन्छ कि? यति ढिलो फर्केकोमा उहाँले उसलाई झपार्नुहुनेछ।

गाईगोठको पछाड़िबाट एउटा आकृति देखा पर्‍यो, तर त्यो दानिएल थिएन। त्यो त अनिता थिइन्, जो आफ्नो पछाड़ि एउटा डोको बोकेकी थिइन्, जसको डोकोको मुखमा एउटा लामो सुनौलो पाउरोटीको सेला देखा परेको थियो। तिनको स्कूलमा आधादिन बिदा थियो र तिनी किनमेलमा गएकी थिइन्। तिनले हजुरआमालाई हातले इसारा दिइन् र दौड्दै सिँढ़ी चढ़िन्। 'अनिता,' हजुरआमाले तिनलाई बोलाएर यसो आदेश दिनुभयो: 'तिम्रो डोको भुइँमा राख, र तिम्रो भाइलाई खोज्न जाऊ! ऊ फूलहरू टिप्न झण्डै साढ़े एक घण्टा अघि नै निस्केर गएको थियो र अहिलेसम्म फर्केर आएको छैन।' अनिताले डङ्ग डोको भुइँमा झारिन्। तिनको विचारमा, हजुरआमा दानिएलको विषयमा बढ़ी झमेला गर्नुहुन्थ्यो। चउरहरूहुँदो बरालिँदा उसलाई के बिघ्न आइपर्न सक्थ्यो होला? त्यहाँ उसलाई चिन्ने र उसलाई माया गर्नेहरूले बाहेक अरू कसले उसलाई भेट्थ्यो होला? 'अवश्य, ऊ माथि बनमा बुवासँग हुन्छ होला,' तिनले जवाफ दिइन्; 'एकैछिनमा म माथि हेर्न जान्छु। पहिला मलाई एक टुक्रा पाउरोटी र जाम दिनोस् न, बज्यै! मलाई भोक लागेको छ।' तिनले पाउरोटीको सेलाबाट एउटा ठूलो टुक्रा भाँचिन् र तिनकी हजुरआमा फर्केर बरण्डामा जाँदै गर्नुहुँदा र आँखा गाड़ेर फेरि बाटोमा आँखा तन्काएर हेर्दै गर्नुहुँदा त्यसमा तिनले टन्न नौनी र जाम लगाइन्। तिनले खाँदै गर्दा पहाड़को

फेदतिरबाट दह्रो हिँड़ाइको टकटक आवाज सुनियो, र तिनको बुवा देखा पर्नुभयो।

'दानि कहाँ छ?' हजुरआमा चिच्च्याएर सोध्नुभयो; 'के ऊ तिमीसँग थिएन, पियर? के तिमीले उसलाई माथि डाँड़ामा भेटेनौ?' 'दानि?' बुवाले झसँग हुँदै दोहोर्‍याउनुभयो; 'ऊ त मेरो छेउमै आएको छैन। कतिखेर तपाईंलाई छोड़ेर ऊ गएको, आमा?' हजुरआमाले आफ्नो फिक्री लुकाउन छोड्नुभयो: 'ऊ मलाई साढ़े एक घण्टा अघि नै छोड़ेर गएको!' उहाँ चिच्च्याएर बताउनुभयो: 'ऊ र बिरालोको बच्चा! उनीहरू छेवैको चउरमा लसुन-फूलहरू टिप्न हिँड़े। उसलाई केही न केही भएको हुनुपर्छ।'

अनिता र तिनका बुवाले एक-आपसमा हेराहेर गरे। उनीहरू दुवैजना फिक्री गर्न थाले; किनकि बन जाने बाटो लसुन-फूल फुल्ने चउरहुँदा पुगिन्थ्यो र आफ्नो बाटोमा घर आउँदै गर्दा तिनको बुवाले दानिएललाई देख्नुभएन। अनिताले आफ्नो हात बुवाकोमा घुसारिन्। 'पक्कै, ऊ तपाईंलाई खोज्दै बन-पाखा चहार्‍यो होला,' तिनले सान्त्वनाको स्वरमा भनिन्; 'जाऔं, हामी उसलाई खोजौं। कुन बाटो ऊ छिटेको छ भनेर देखाउन कहीं न कहीं पक्कै क्लाउस त्यहाँ हुन्छ होला। क्लाउस लामो बाटो हिँड्न मन पराउँदैन।'

उनीहरू सँगसँगै बनतिर उकालो लागे। उनीहरू चुपचापसित हिँड़िरहे; किनकि तिनको बुवाले के सोच्दै हुनुहुन्थ्यो, त्यो भन्न डराउनुभएको थियो। स्वीजरल्याण्डका पहाड़हरूमा बसन्तले कति खतराहरू निम्त्याउँछ, जस्तै उर्लिएका भलहरू र अर्पझट खस्ने पग्लिएका हिउँका पैह्राहरू आदि। अनि दानिएल, ऊ त सानो केटो मात्र थियो।

हजुरआमा एक्लै छोड़िनुभएपछि भित्र जानुभयो र प्रार्थना गर्नुभयो। अनि जब उहाँले प्रार्थना गर्नुभयो, तब उहाँले मनमै एउटा चित्र देख्नुभयो। किनकि हजुरआमाले आफ्ना वास्तविक आँखाहरूले थोरै देख्नुहुन्थ्यो भने उहाँले मनका आँखाले झन् स्पष्टसँग देख्नुहुन्थ्यो। अनि प्रार्थना गर्दाखेरि उहाँको सामु घनघोर कालो बन, त्यसका गहिरा-गहिरा खोचमा खोलाहरू हुत्तिरहेका र त्यसका खस्रा गोरेटाचाहिँ ठूला-ठूला ढुङ्गा र हिउँका पैह्राहरूले थुनिएको चित्र देखा पर्‍यो। हातभरि लसुन-फूलहरू

बोकेर ल्याउने दानिएल यही गोरेटोमा दौड़िरहेको थियो र उसको छेउमा सेता पखेटाहरू भएका एउटा स्वर्गदूत हिँड़े; अनि ती पखेटाहरूको छायामा सहारा, न्यानोपन र सुरक्षा थियो।

*'स्वर्गमा यी सानाहरूका दूतहरूले सधैंभरि स्वर्गमा हुनुहुने मेरा पिताका चेहरा हेर्दछन्,'* (मत्ती १८:१०) भन्ने बाइबल-वचन उहाँको सम्झनामा आयो। तब उहाँको मन शान्तिले भरियो, अनि घुँड़ा टेकेकोबाट उहाँ उठ्नुभयो र साँझको खाना तयार पार्न थाल्नुभयो।

अझसम्म पनि न चउरमा न सल्लाघारीनेर दानिएल र क्लाउसको अत्तोपत्तो थियो। उसको नाम बोलाउँदै उनीहरूले तल-माथि सबै ठाउँमा खोजे, तर बढ़ेको खोलाको गर्जन र आफ्ना स्वरको गुञ्जनबाहेक उनीहरूले केही सुनेनन्। अनि बिस्तारै घाम डाँड़ाहरूका टुप्पातिर डुब्यो र चउरहरूहुँदो छायाहरू लामा-लामा हुँदै गए। 'बुवा,' अनिता झट्ट बोलिन्; 'कतै ऊ तल लुसियान्को घरमा गएको जस्तै मलाई लाग्दैछ। ऊसँग लुसियान् एक-दुई चोटि गफ गरिरहेको मैले देखें। म उनीहरूको घरतिर कुद्छु र सोध्छु ल।'

हिउँका थुप्राहरू र घाँस उम्रिरहेका जमिन तिनी कुदेर तरिन् र पाँच मिनेटभित्र तिनी माइजु मोरेलकोमा पुगिहालिन्। तिनीहरूको घरको पछाड़िको ढोका खुलै थियो र अनिताले टाउको छिराएर यताउता हेरिन्। 'माइज्यू!' तिनले बोलाइन्; 'लुसियान्! तिमी कहाँ छौ? तिमीले दानिलाई देखेका छौ?' घर सुनसान थियो र कोही पनि थिएन, तैपनि तिनीहरू टाढ़ा गएका हुन सक्दैनथियो; किनकि तिनीहरूले ढोका ध्वाङ खुला छोड़ेका थिए। अनिता पारि खोल्माहरूतिर दौड्नै लागेको बेलामा माइजु मोरेलको हृष्टपुष्ट आकृति हस्याङफस्याङ गर्दै माथि तिनीहरूको घरमा पुऱ्याउने गोरेटोमा देखा पऱ्यो। अनिता उनलाई भेट्न कुदिन्। 'माइज्यू,' उनको हात समात्दै तिनले चनाखो हुँदै चिच्च्याइन्; 'के तपाईंले हाम्रो सानो दानिलाई देख्नुभो? ऊ घरबाट निस्केर गएको छ, र दुई घण्टाअघिदेखि हामीले उसलाई देखेका छैनौं। के ऊ लुसियान्सँग छ? अनि त्यसो हो भने लुसियान् कहाँ छ?' 'ऊ राम्रै होला,' माइजु मोरेलले रूखो प्रकारले जवाफ दिइन्; 'भर्खरै म तल तिमीहरूको घरमा पुगेकी र तिमीहरूले पो लुसियान् कहाँ छ, सो मलाई भन्न सक्छौ कि भनेर हेर्न गएँ। अल्छी

केटो, ऊ त धेरै अघि नै घर आइसक्नुपर्थ्यो। गाईहरू कराइरहेका छन्, दुहुने बेला भइसक्यो। म नभएको बेलामा ऊ आइपुगेको छैन भने मैले आफै तिनीहरूलाई दुहुनुपर्छ। त्यसै हो भने ऊ सोझै गाईगोठतिर गएको हुनुपर्छ। हामी पर जाऔं र हेरौं त!'

उनीहरू सँगै गाईगोठतिर गएर त्यसको गह्रौं काठको ढोका खोले। रातो गाईले पुच्छर हल्लाउँदै र छ्याप-छ्याप गर्दै पुच्छरले हानिरहेको थियो। तर त्यहाँ लुसियान् देखा परेन। माइजु मोरेल झर्किंदै फरक्क फर्किन् र ढोका बन्द गर्न लागिरहेको बेलामा अनिताले च्याप्प उनको बाहुला समातिन् र तिनका औंला उठाएर उनलाई केही क्षण चुप रहने इसारा दिइन्।'सुन्नुहोस् न!' तिनले खानेखुशी गरिन्; 'माथि बुइगलमा, त्यो केको आवाज हो?' उनीहरू दुवैजना एकछिनसम्म ध्यानसित सुनेर उभिरहे। उनीहरूदेखि माथि परालको रासबाट एउटा बच्चा रोइरहेको आवाज आयो।

एकै झिमिकमा अनिता एउटा सानो जङ्गली बिरालोझैं भर्‍याङ्ग चढ़ी माथि पुगेकी थिइन् र माइजु मोरेल तिनको पछि-पछि भद्दा प्रकारले माथि चढ़िन्। केही न केही खराब कुरा घटेको हुनुपर्छ भन्ने उनीहरू दुवैले तत्कालै थाहा गरे; तर अनिताले दानिएलको विषयमा र माइजु मोरेलले चाहिँ लुसियान्को विषयमा फिक्री गरिन्।

'लुसियान्!' माइजु मोरेल चिच्च्याइन्; 'बिचरा मेरो बाबु, के भयो हँ? के तिमीलाई चोटपटक लागेको छ?' उसको पाखुरामा च्याप्प समातेर उसलाई हल्लाउँदै अनिताले फुत्कार छोड़िन्: 'दानि, ऊ कहाँ छ? ऊसँग तिमीले के गर्‍यौ हँ? उसलाई फिर्ता गर!' लुसियान् अझै परालभित्र कुप्रिन खोजेर आफ्नो टाउको बेसरी यताउता हल्लायो। यस बेला उसको मन ठेगानामा नरहेको थियो।'मलाई ... थाहा ... छैन; ऊ कहाँ छ, कुन्नि?' तब ऊ यसो भन्दै चिच्च्याउन थाल्यो: 'त्यो मेरो गल्ती थिएन!' 'के तिम्रो गल्ती थिएन?' झन् नराम्ररी हल्लाउँदै अनिताले चिच्च्याइपठाइन्; 'ऊ कहाँ छ? तिमीलाई थाहै छ। तिमी झूट बोलिरहेका छौ। माइज्यू, उसलाई साँचो कुरा बक्न लगाउनुस्।'

माइजु मोरेलले अनितालाई एकातिर पन्छाएर लुसियानको छेउमा निहुरिन्। उनको अनुहार एकदम पहेंलो भयो; किनकि यति भएपछि उनले अड्कल काटिन् – दानिएलमाथि केही न केही बिघ्न खराबी आइपरेको

हुनुपर्छ, अनि लुसियान्लाई त्यो थाहा थियो। उनले उसको टाउको परालबाट आफूतिर तानेर उसको अनुहार आफूतिर फर्काइन्। 'लुसियान्,' शान्तसँग बोल्न खोज्दै उनले आज्ञा गरिन्: 'झट्टै भन! दानि कहाँ छ?' लुसियान्ले अनौठो प्रकारले उनीमाथि आँखा तऱ्यो; अब कुरा लुकाउन खोज्न उसलाई असम्भव लाग्यो। 'ऊ त मरिसक्यो,' उसले घुँक्क-घुँक्क गर्दै भन्यो, र फेरि आफ्नो टाउको परालमनि घुसार्दै रुन थाल्यो।

अनिताले सुनेकी त थिइन्, तर तिनी चलिनन्; किनकि केही छिनसम्म त तिनी सम्पूर्ण रूपले खङ्ग्रङ्ग भएकी थिइन्। धमिलो उज्यालोमा तिनको अनुहार यति पहेंलो थियो कि अब तिनी मुर्च्छा पर्न लाग्दैछिन् भनी माइजु मोरेलले ठानिन्। उनले तिनलाई आफ्नो अँगालो हाल्न खोजिन्, तर अनिता पर फुत्किइन्, अनि यस्तो धोत्रे आवाजमा बोलिन्, जो अलिकति पनि तिनको स्वरजस्तो सुनिदैनथियो। 'कहाँ हो, ऊ आएर हामीलाई देखाउनैपर्छ!' तिनले अन्तमा भनिन्; 'अनि अरू केही गर्न नसके पनि मेरा बुवाले उसलाई बोकेर घरमा लान त सक्नुहुन्छ; अनि त्यसपछि ..' तिनले थपिन्, '... म लुसियान्लाई मार्नेछु।' यस भनाइको अन्तिम खण्ड माइजु मोरेलले कुनै ख्याल गरिनन्, तर पहिलो सुझाव समझदार सुनियो। उनले आफ्नो केटाको हातमा समातिन्, उसलाई तानेर उसका खुट्टामा उभ्याइन्, र उसलाई भऱ्याङ्गबाट तल ओराल्न झण्डै बोकिन्। 'आऊ, लुसियान्!' उनले अन्तमा उसलाई आग्रह गरिन्; 'दानि कहाँ छ, सो तिमीले हामीलाई देखाउनैपर्छ। छिट्टै, नत्र बर्नियरज्यू तिमीलाई जाने बनाउन पुलिस लिएर यहाँ आउनेछन्।'

यस चेतावनीले केही हदसम्म लुसियान्लाई तर्सायो र उसलाई अलिक होशमा फिर्ता ल्यायो। तब सकेसम्म छिटो ऊ माथि डाँड़ातिर उकालो लाग्यो, अनि सुँक्क-सुँक्क रुँदै र त्यो उसकै गल्ती थिएन भन्ने कुरा दोहोऱ्याउँदै हिँड्यो। माइजु मोरेल र अनिता उसको पछि-पछि लागे। माइजु मोरेल पनि सुकसुकाइरहेकी थिइन्, तर अनिताले चाहिँ एक थोपा आँसु पनि चुहाउन सकिनन्; किनकि तिनको रिस र पीड़ाले गर्दा तिनका सब आँसु नै जमेझैं तिनलाई लाग्दैथियो। उनीहरू एकैछिनमै त्यस पर्खालमा पुगे, र लुसियान्ले अँध्यारो हुँदै गएको गहिरो खोचतिर इसारा गऱ्यो। 'ऊ उता कतै खोलाभित्र खसेर डुब्यो,' ऊ बिस्तारै सुसे स्वरमा

भन्यो र भुइँमा डङ्ग्रङ्ग ढल्यो र घाँसमा आफ्नो मुन्टो जोत्यो। यतिखेर बर्नियरज्यू सल्लाघारीबाट निस्केर देखा पर्नुभयो र त्यस सानो जमघटतिर हतारिनुभयो।

उहाँले लुसियान्को कुनै ख्याल गर्नुभएन, तर एक झल्को आफ्नो छोरीतिर र अर्को झल्को चट्टानहरूतिर लगाएर हेर्नुभयो, र त्यस पुलुक्क हेराइमा उहाँले अरू कसैले ख्याल नगरेको एउटा कुरा देख्नुभयो – कुक्रुक्क परेको र थर्र काम्दै गरेको एउटा सेतो बिरालोको बच्चालाई एकदमै ठाड़ो परेको पहराको डिलमा टाँसिरहेको देख्नुभयो। उहाँले एकै झिममा देख्नुभएको कुरा पर्याप्त थियो; उहाँलाई अरू केही बुझ्नु–बुझाउनु खाँचो परेन। उहाँले केवल यति भन्नुभयो: 'मैले एउटा डोरी ल्याउनैपर्छ।' तब उहाँ एउटा जङ्गली जनावरले लखेटेको मान्छेझैं ओरालो सुइँकुच्चा ठोक्नुभयो।

हजुरआमा घरको ढोकैमा उभिनुभएको थियो; अनि उहाँले पनि आफ्नो छोराको अनुहारमा हेर्दा एकै झल्कोमा कुरा बुझिसक्नुभयो। उहाँको छोराले आफ्नो पहाड़ चढ्ने डोरी जुन भित्तामा झुण्ड्याइएको थियो, त्यहाँदेखि तल तान्नुभएको र अँधेरी पाखातिर दौड़िनुभएको उहाँले एक शब्द पनि नबोलीकन हेरिरहनुभयो।

'खोचमा,' उहाँ फरक्क फर्केर भन्नुभयो; त्यसपछि उहाँ गइसक्नुभयो। हजुरआमा एक्लै छोड़िनुभयो। उहाँले एउटा कित्ली बसाल्नुभयो, पुराना पत्ताहरू बटुल्नुभयो र एउटा ठूलो तातो पानीले सेक्ने बोतल भर्नुभयो। उहाँले जुनै अवस्थाको लागि तयार हुन चाहनुभयो। त्यसपछि उहाँ एउटा कुर्सीमा बस्नुभयो र आफ्ना आँखा बन्द गर्नुभयो र आफ्ना हात बाँध्नुभयो। फेरि एकपल्ट उहाँले खोचको कालो पानीले घेरा हालेको दानिएलको चित्र देख्नुभयो। तर त्यहाँ एउटा स्वर्गदूत पनि देखा परे, जसले आफ्ना सेता पखेटाहरूले उर्लिरहेको पानीको मुस्लो छेकेका र दानिएललाई आफ्नो अँगालोमा सुरक्षित राखेका थिए।' *तपाईंलाई रक्षा गरून् भनी तपाईंको विषयमा परमेश्वरले आफ्ना दूतहरूलाई आज्ञा गर्नुहुनेछ,*' भन्ने बाइबल–पद हजुरआमाले मन्द गतिले भन्नुभयो; तब उठेर उहाँ माथिको तलामा उसको ओछ्यान र न्याना कम्बलहरू पल्टाउन चढ्नुभयो।

दानिएलका बुवा पत्याउनै नसकिने छोटो समयभित्र डोरी लिएर फर्कनुभएको थियो, तर त्यस पर्खालको छेवैमा बसेर कुर्नेहरूलाई भने घण्टौंघण्टाजस्तो लाग्यो। उहाँले त्यो डोरी रूखको वरिपरि बाँध्दा र त्यसलाई पहराको डिलदेखि तल खोचमा फाल्दा कोही बोलेन। त्यसपछि त्यो डोरी आफ्ना हातले समात्दै पछाड़ि फर्केर उहाँ चिप्ला चट्टानहरूबाट ओर्लिंदै खोचभित्र हराउनुभयो। त्यहाँ डोरीमा झुण्ड़िदै उहाँले तल उर्लिरहेको त्यस पानीतिर हेर्ने साहस गर्नुभयो, जसले पक्कै पनि आफ्नो छोरालाई बगायो होला। अनि उहाँले त्यहाँ देख्नुभएको कुराले उहाँको हृदयभित्र एउटा आशाको किरण चम्कायो र उहाँको मुखबाट एउटा चीत्कार निकालिदियो।

हजुरआमाको कुरा नै सही ठहरियो। दानिएल तल खस्दा स्वर्गदूतहरूले उसको सुरक्षा गरेका थिए, र ऊ पानीभित्र परेन। ऊ खसेको ठाउँदेखि ठीक तल अलिक बाहिर निस्केको, खप्टिएको पहरामाथि ऊ परेको थियो र त्यहाँ ऊ उत्तानो परेर कोही आएर उसको उद्धार गर्ला कि भन्दै पर्खंदै र रुँदैथियो; किनभने उसको एउटा खुट्टा नराम्रोसँग मर्किएको र ऊमनि दोब्रिएको हुनाले ऊ अलिकति पनि यताउति चल्न सकेन। दानिएलको लागि समय साह्है ढिलो बित्यो र ऊ बीचमा निदाएको हुनुपरेको थियो; किनकि ऊ त्यहाँ रहेको दुई घण्टाभित्र केकस्तो भएको थियो, पछि यसको सम्झनाधरि थिएन उसलाई। उसका बुवा डोरीमा झुण्ड़िएर कुनै विशाल चीलझैं सुइँय्य तल ऊकहाँ आइपुग्नुभएको, उसको छेउमा अड़िनुभएको र त्यस पहराको डिलमाथि घुँड़ा टेक्नुभएको क्षणबाहेक उसलाई अरू कुनै कुराको याद भएन।

'बुवा,' दानिएल मधुरो स्वरमा सुस्तरी सोध्यो; 'क्लाउस कहाँ छ?' 'ठीक तिम्रै मास्तिर, छोरा,' आफ्ना आँखाहरूले त्यस पहेंलो, सानो अनुहारमा हरेक कुराको तलाश गर्दै उसका बुवाले जवाफ दिनुभयो; 'हामी फर्केर जाँदा उसलाई टिपेर माथि लानेछौं।' 'बुवा,' दानिएल भन्दैगयो; 'मेरो खुट्टा साह्है दुखिरहेको छ, र म चल्नै सक्दिनँ। के तपाईं मलाई बोकेर घर लैजानुहुन्छ?' 'पक्कै लान्छु,' उसका बुवाले जवाफ दिनुभयो; 'यसै गर्न म आएको; म एकै सासमा तिमीलाई घरमा पुर्‍याउनेछु।' तब उहाँले आफ्नो सानो छोरालाई आफ्नो काँधमा राख्नुभयो।

'तर बुवा,' दानिएलको मसिनो, डराइरहेको स्वरमा अघि बढ्यो; 'के तपाईंले हामी दुवैलाई, क्लाउस र मलाई सँगै एकैचोटि लान सक्नुहोला ? तपाईंले क्लाउसलाई छोड्नु हुँदैन; किनभने उसको दूध खाने बेला भइसक्यो र ऊ एकदमै भोकाएको हुनुपर्छ।' 'क्लाउस मेरै खल्तीमा अट्छ नि,' उसका बुवाले उसलाई ज्यादा होशियारीसाथ उठाउँदै गर्दा प्रतिज्ञा गर्नुभयो। दानिएलले ऐया–आत्था गर्न थाल्यो; किनकि ऊ चल्दा उसको खुट्टा एकदमै दुख्यो। तर उसले आफ्ना आँखा आफ्ना बुवाको अनुहारमा डिठ लगाएर अड्यायो र जति सक्दो सहिरह्यो।

यो लामो, ढिलो फर्काइ थियो। आफ्नो काँधमा दानिएललाई लिएर दानिएलका बुवा डोरीमा चढ्न सक्नुभएन; उहाँ वेगसित बगिरहेको खोलाको छेउसम्म नपुगुन्जेल डोरीमा बिस्तारै तल झर्नुभयो र किनार–किनारै भएर अलिक परसम्म पुग्नुभयो, जहाँ बगर कम भिरालो थियो। त्यहाँबाट उहाँ उकालो लग्नुभयो। दानिएल एक प्रकारले गहिरो निद्रामा डुबेको थियो र उसका बुवाले उसलाई अनिताको छेउमा हरियो घाँसमा तल नराखेसम्म उसलाई केही अत्तोपत्तो भएन।

'अनि के तपाईंले क्लाउसलाई आफ्नो खल्तीमा हालेर ल्याउनुभयो त ?' दानिएलले आफ्ना आँखाहरू एकाएक खोल्दै सोध्यो। 'म अब उसलाई लिन जाँदैछु,' उसका बुवाले जवाफ दिनुभयो र डोरी पक्रेर तारे भीरको डिलदेखि फेरि तल चिप्लेर जानुभयो र सेतो बिरालोको बच्चालाई उठाएर माथि ल्याउनुभयो। दानिएलले आफ्नो हात बढ़ायो र क्लाउस उसको मुटुकै छेवैमा सानो बाफ–इन्जिनझैं घुरघुर गर्दै गुडुल्कियो। तब त्यस दुःस्वप्न–रूपी साँझमा पहिलोपल्ट अनिताको आँसु फुटेर आयो।

उनीहरूले उसलाई एउटा पछ्यौरामाथि राखे, अनि माइजु मोरेल र बर्नियरज्यूले उसलाई बिस्तारै तल घरमा बोकेर लगे। उनीहरूको पछि–पछि अनिता क्लाउसलाई बोक्दै आइन्; यो सब सानो शवयात्रा जस्तै देखिन्थ्यो, तर उनीहरूका हृदय आनन्दको उन्मादले भरिएका थिए; किनभने दानिएल जीवितै थियो, र बोल्दै पनि थियो। हालैमा त्यो काफी थियो।

अनि कसैले पनि, उसकी आमाले समेत लुसियान्को सम्झना गरेन। ऊ अझसम्म पर्खालको छेउमा पल्टेर भुइँमा घाँसमाथि अलपत्र परिरहेको थियो। अनि जब उसले आफ्ना आँखा उठायो, र रात परेको

अनि ऊ एक्लै छोड़िएको रहेछ भनी थाहा पायो, तब सम्पूर्ण संसारले नै उसलाई त्यागेको, अँ पूरै बिर्सेको छ जस्तै लाग्यो। ऊ उठ्यो, अँध्यारोमा सट्केर घर गयो र लुकीछिपी भित्र पस्यो। सारा संसारभरमा मजस्तो एक्लै छोड़िएको, दुःखी, अभागी अरू कोही पनि छैन भन्ने ठान्दै र काम्दै ऊ ओछ्यानमा चढ्यो।

# ७

# अनिताको ईख फेर्ने योजना

ताता कम्बलहरूमनि दानिएल आफ्नो सानो ओछ्यानमा पल्टिरहेको थियो; ऊ एकदमै मुख्य व्यक्ति हुन्छ भन्ने कुरा उसले राम्ररी जानेको थियो, र जुनै कुरा पनि उसले माग्ने बित्तिकै पाउने गर्थ्यो। पहिले कहिल्यै यस्तो भएको थिएन; यसैले दानिएलले मौका छोप्यो। उसको बुवा ओछ्यानको पल्लोपट्टि उसलाई हेर्दै र उसले मन पराउने सब रमाइला-रमाइला कथाहरू भन्दै उभिनुभएको थियो भने अनिताचाहिँ उसको छेउमा आफ्नो हातमा एउटा चकलेटको कुड्को लिएर बसिन्। क्लाउस उसको छातीनेर घुर्र-घुर्र गर्दै डल्लो परेको थियो, अनि हजुरआमा एक कचौरा चेरीको जाम लिएर उसको पलङको अर्को छेउमा बस्नुभयो र जहिले-जहिले ऊ माग्थ्यो, त्यत्तिखेर हजुरआमा उसलाई एक-एक चम्चा जाम खुवाउनुहुन्थ्यो। दानिएलको खुट्टा त्यति साह्रो नदुखेको भए ता ऊ स्वर्गमा

छ जस्तै उसलाई लाग्न सक्थ्यो होला। यसो भए पनि चेरीको जामले गर्दा उसलाई यो दुःखाइ त्यति साह्रो नराम्रो लाग्दैनथ्यो।

'बुवा,' दानिएलले भन्यो, शायद यो दसौंपल्ट भयो होला; 'के क्लाउसलाई पक्का पनि कुनै चोटपटक लागेको छैन?' 'एकदमै पक्का लागेको छैन, छोरा,' उसका बुवाले जवाफ दिनुभयो; 'त्यसले एक प्यालाभरि दूध खायो, अनि आफ्नो पुच्छर ठाड़ो पार्दै त्यो सिँढ़ी उक्लाँदै र ओर्लंदै गरेको मैले देखें। निरोगी बिरालोको बच्चा मात्रै यसरी हिँड्छ।' 'बुवा,' एउटा चराको बच्चाले झैं अर्को चम्चा चेरीको जामको लागि आफ्नो मुख आँ गर्दै दानिएल भन्दैगयोः 'क्लाउसलाई पर्खालको उतापट्टिबाट फाल्नेचाहिँ त्यो लुसियान् हो नि। यो लुसियान्को क्रूरता थियो, थिएन त?' 'हो, एकदम क्रूर थियो यो,' उसका बुवाले जवाफ दिनुभयो; 'अनि उसले सजाय भोग्नैपर्छ।' आफ्नो छोरा बाँचेकोमा बर्नियरज्यू अति खुशी हुनुहुन्थ्यो; यसैले लुसियान्को बारेमा सोच्न उहाँ चाह गर्नुहुन्नथ्यो। आफ्नी हातमा चकलेटको कुड्को लिएर चुपचापसित छेउमा बस्ने अनिता थिइन्, जसले लुसियान्को विषयमा सोचिरहिन्।

'म हतारमा छैनँ,' अनिताले मन-मनैमा विचार गरिन्; 'तर म बाँचुन्जेलसम्म कहिल्यै, कुनै हालतमा पनि उसलाई क्षमा गर्नेछैनँ। एकदिन म उसलाई कुनै न कुनै उपद्रव मच्चाउनेछु। म उसलाई कहिल्यै, अहँ कहिल्यै क्षमा गर्नेछैनँ।'

'अनिता,' दानिएलले भन्यो; 'म मेरो चकलेटको कुड्को चाहन्छु; त्यसपछि म सुत्न चाहन्छु। अनि तिमी मसँगै बस्नुपर्छ, अनिता; किनभने मेरो खुट्टा दुख्दैछ।' 'हुन्छ, दानि!' उसलाई चकलेटको कुड्को दिँदै अनिताले जवाफ दिइन्; 'तिमी ननिदाएसम्म म तिमीसँगै बस्नेछु।' उसका बुवा र हजुरआमाले उसलाई म्वाइँ खाएर जानुभयो। अनिताले उसको टाउको आफ्नो कुमतिर प्रेमसाथ तानिन्। 'मलाई एउटा गीत गाइदेऊ,' दानिएलले आज्ञा गर्‍यो; 'मेरो मनपर्दो गीत गाइदेऊ!'

यो गीतचाहिँ परमेश्वर पिताले पाप क्षमा गर्नुहुन्छ र साना नानीहरूलाई रक्षा गर्नुहुन्छ भन्ने विषयमा थियो; आफ्नो हृदय यति घृणा र ईखले भरिएको अवस्थामा अनिताले यो गीत गाउन चाहँदिनथिन्। तर दानिएलले जिद्दी गरेर जित्यो; आखिरमा तिनी हारेर दुःखित हुँदै यो गीत

गाइन्। तिनले गाइसकेको बेलातिर दानिएल तकियामाथि आफ्नो चकलेटको कुड्को गुड्काउँदै मस्त निदाएको थियो। तिनी उसको छेउमा पल्टिन्, र फेरि एकपल्ट रोइन्; किनकि तिनी ज्यादा थाकेकी थिइन् र तिनलाई ठूलो सान्त्वना मिलेको थियो। तर ती खुशीका आँसु मात्रै थिएनन्; किनकि त्यो व्यक्ति, जसले अरू कसैलाई घृणा गर्छ, ऊ साँच्ची नै खुशी हुन त सक्दैन।

खुइय्य गर्दै तिनी उठिन् र तल्लो तलातिर गइन्। तिनका बुवा गाईगोठमा गइसक्नुभएको थियो। जीवनभरि नै गाईहरूको दूध कहिल्यै यति ढिलो दोइएको थिएन, र अधीर हुँदै तिनीहरू छटपटिँदै र खुर बजार्दै थिए। हजुरआमा खाना तयार गर्दै हुनुहुन्थ्यो; किनकि नता तिनी न तिनका बुवाले नै दिउँसोको खाना खाएदेखि अहिलेसम्म केही मुखमा हाल्न पाएका थिए। सबैजना दानिएलको निम्ति फिक्री गर्दै व्यस्त भइरहेका थिए।

'ऊ निदाएको छ,' अनिताले भनिन्, र अँध्यारो मुख लगाउँदै तिनी चुल्होमा आँखा गाड़ेर बसिन्। 'अब चाँड़ै डाक्टर यहाँ आइपुग्नुहुनेछ,' हजुरआमाले भन्नुभयो; 'तब हामीले उसलाई फेरि उठाउनुपर्नेछ; विचरा, फुच्चे केटो! केही छैन, उसलाई सकेसम्म सुत्न दिऔं।' 'बज्यै,' एकछिनको चुपचापपछि झुलुक्क हेर्दै अनिता बोलिन्; 'लुसियान्ले सजाय पाउनैपर्छ। उसलाई के गरिनुपर्ला? उसले दानिलाई जे खराबी गरेको छ, त्यसको पैंचो तिर्न पुग्ने सजाय के होला, म सोच्नै सक्दिनँ।' हजुरआमाले केही छिनसम्म केही जवाफ दिनुभएन; त्यसपछि उहाँले यसो भन्दै उत्तर दिनुभयो: 'जब हामीले कुनै गल्ती काम गर्छौं, तब त्यसको बदला प्राय: अरू कसैको सहायताबिना आफै-आफ हामीमाथि आइलाग्छ भन्ने कुराको विषयमा के तिमीले कहिल्यै सोचेकी छैनौ, अनिता?'

अहँ, अनिताले यस विषयमा कहिल्यै सोचेकी थिइनन्।

'जब लुसियान्ले दानिलाई खसेको देख्यो, त्यतिखेर उसलाई कति त्रास लागेको, विचार गर!' हजुरआमा भन्दैजानुभयो; 'आज राती ऊ कति दु:खित, कति थर्र-थर्र भएको होला, विचार गर त! अनि उसले जे गरेको थियो, त्यो कुरा अरूले थाहा पाएपछि तिनीहरूदेखि उसलाई कति डर, कति लाज लाग्नेछ, सोच त! ... अनि उसलाई अघि नै पुग्ने गरी सजाय

मिलिसक्यो – यसको विषयमा पनि विचार गर! तब हामीले उसलाई बरु क्षमा दिनुपर्ला र ऊसँग फेरि सम्बन्ध जोड्नुपर्ला, होइन र?'

उसले जे गरेको थियो, त्यो कुरा अरूले थाहा पाएपछि तिनीहरूदेखि उसलाई कति डर लाग्नेछ, सोच त भन्ने वाक्यबाहेक अनिताले हजुरआमाका कुराहरूमा त्यति ध्यान दिइनन्। हो, यो एउटा गजबको विचार थियो। सबै मानिसहरूले यसको बारेमा थाहा पाउनैपर्छ भन्ने निश्चय तिनले लिइन्। अब तिनी जहाँ–जहाँ जान्थिन्, त्यहाँ तिनी सबैलाई यो कुरा बताउनेथिइन्। उसको दुष्टताको लागि सबैले उसलाई घृणा नगरेसम्म यो कुरा तिनी गाउँमा भन्नेथिइन् र स्कूलमा सुनाउनेथिइन्।

कसैले आत्तुरी गरेर ढोकामा ढकढक गरेपछि तिनका विचारहरू छरपष्ट भए र लुसियान्की दिदी कोठाभित्र झुल्किइन्। पहाड़को उतापट्टि स्थित भएको शहरबाट, जहाँ उनी काम गर्थिन्, उनी घरमा आइपुगेकी थिइन्। ठ्याक्क त्यसै बेला उनले मैदानहुँदा तलतिर झर्दै गरेको, बिस्तारै अघि बढ्दै गरेको र शवयात्राजस्तै देखिने सानो यात्रा भेट्टाएकी थिइन्, र गाउँको हुलाकमा डाक्टरलाई फोन गर्न हतारिँदै झरेकी थिइन्, जो पाँच माइल पर बेंसीको मास्तिर बस्दथे। 'डाक्टर पिइयार्ड आउन सक्दैनन्,' उनले स्वाँ–स्वाँ गर्दै भनिन्; 'एउटी आइमाई बिरामी भएको हुनाले उनी अर्को गाउँमा गएका छन्, र मध्यरातमा मात्र फर्केर घरमा आउनेछन्, र त्यतिखेर अन्तिम रेल छुटिसकेको हुन्छ रे। उनीहरूले भन्छन्: तपाईंहरूले दानिलाई भोलि बिहानै गाड़ामा राखेर अस्पतालमा लानुपर्छ, र त्यहाँ डाक्टरले उसलाई जाँच गर्नेछन् रे।'

'धन्यवाद, मेरी!' हजुरआमाले भन्नुभयो; 'हाम्रो लागि गएर तिमीले फोन गरेको राम्रो भयो।' यति भन्नुभएपछि उहाँ भान्सातिर फर्कनुभयो। तर मेरी बसिरहिन् र वास्तवमा के भएको रहेछ, सो उनी थाहा पाउन चाहन्थिन्। 'मलाई भन त, अनिता,' उनले आफ्नो स्वर सानो पार्दै भनिन्; 'यो दुर्घटना कसरी भयो; किन मेरी आमा त्यसरी चुपचापसित बस्नुहुन्छ र आत्तिनुभएको छ?' 'यो डाँड़ामाथि भयो,' अनिताले छोटकारीमा जवाफ दिइन्; 'लुसियान्ले दानिको बिरालोको बच्चालाई खोचमा फाल्यो, र दानिले यसलाई निकाल्न खोज्यो। लुसियान्ले दानिलाई रोक्नै खोजेन। त्यसले उसलाई धकेलेको हुँदो हो त मलाई अचम्म लाग्दैनथियो। मलाई लाग्छ,

दानिको एउटा खुट्टा भाँचिएको छ। ऊ केही घण्टासम्म पहराको डिलमा लड़िरह्यो र लुसियान्ले कसैलाई भनेन। ऊ त मर्न सक्थ्यो।'

मेरी एकदमै डरले कालोनीलो भइन्; किनकि उनी कहिल्यै आफ्नो भाइसँग यति खुशी थिइनन्। उनले उसलाई बढ़ी माया गरेकी हुँदा हुन् त लुसियान् शायद एउटा असल, दयामाया भएको केटो बन्थ्यो होला। किनकि माया नपाएका केटाकेटीहरूले अरूलाई प्रेम गर्न गाह्रो मान्दा रहेछन्। 'उसलाई नराम्रोसँग सजाय दिनुपर्छ,' उनी रिसाउँदै झर्किइन्; 'म आफैले यसको जिम्मा लिन्छु।' यति भनेपछि उनी रन्थनिँदै घरबाट निस्किन्। अनिता हाँसिन्। उसको आफ्नै परिवारलाई लुसियान्को विरोधमा उस्काउनु, ठीक त्यही तिनी चाहन्थिन्। तिनको बदला लिने कार्य शुरु भयो।

त्यहाँ अझ पर्खिरहनुपर्ने खाँचो थिएन। यसैले चुपचापसित खाना खाइसकेपछि थकित र गह्रौं हृदय लिएर अनिता बिस्तारै ओछ्यानतिर लागिन्। एउटा मैनबत्ती बालेर तिनी दानिएललाई हेर्दै उभिन्; तिनका आँखाहरू आँसुले गर्दा रसाएका थिए। उसको चिसो कपाल निधारबाट पन्छिएको र यताउति सरेको थियो; अनि आफ्ना पाखुराहरू फ्यात्त फालेर ऊ पल्टिएको थियो। उसको सदाको जस्तो शान्त चेहरा हटेको थियो। ऊ निद्रामा पनि फत्र्याक-फत्र्याक गरिरहेको थियो। छिन-छिनमै ऊ छटपटिँदै आफ्नो टाउको चलाउँथ्यो र पीड़ाले बरबराउँथ्यो। अनिता झ्यालको छेउमा भएको आफ्नो पलङमा चढ़िन्, तर तिनी जति थकित भए पनि निदाउन सकिनन्। तिनलाई नरमाइलो गरी एक्लो लाग्यो। त्यसपछि लोसे पाइलाहरूले सिँढ़ी चढ़िरहेका तिनले सुनिन्; तिनी खुशी भइन्, किनभने एक क्षणपछि हजुरआमा तिनको कोठाभित्र पस्नुभयो। हजुरआमा बिरलै माथिको तलामा चढ्नुहुन्थ्यो; किनकि यसो गर्दा बात रोगले ग्रस्त भएका उहाँका खुट्टा नराम्रोसँग दुख्थे।

'बज्यै,' अनिता रोएर पुकारिन्, र आफ्ना हात फैलाइन्। हजुरआतमाले केही समयसम्म केही भन्नुभएन; उहाँ पलङमाथि बस्नुभयो र अनिताले रुन नछोड़ेसम्म तिनको टाउको थपथपाइरहनुभयो। 'सुन, मेरी नानी!' हजुरआमाले अन्तमा भन्नुभयो: 'दानि एउटा दूधे बालक छँदै हामीले उसलाई गिर्जामा लग्यौं र विश्वासको साथ हामीले प्रभु येशूलाई पुकारेर

उसको हेरविचार गर्नुहोस् भन्ने विन्ती चढ़ायौं। दिनदिनै परमेश्वरसँग हामीले उसलाई आफ्नो बाहुलीमा सुरक्षित राख्नुहोस् भनी प्रार्थना गरेका छौं। अनि जब दानि खोचभित्र खस्यो, त्यस बेला पनि परमेश्वरले उसलाई छोड्नुभएको थिएन। हर समय उहाँका हातले उसलाई थामिराखेका थिए। ऊ मरेकै भए तापनि उहाँले उसलाई सोझै स्वर्गमा लैजानुहुनेथियो। यसैले हाम्रो रुवाबासी बन्द गरौं र दानिलाई सम्हालिराख्ने र उसको लागि असल–असल प्रबन्ध गर्ने परमेश्वरमाथि भरोसा गरिरहौं।' 'तर परमेश्वरले किन लुसियान्लाई दानिलाई त्यसरी चोट पुर्‍याउन दिनुभयो त?' अनिताले तर्क गरिन्; 'बज्यै, म त लुसियान्लाई एकदम घृणा गर्छु, म उसलाई मार्न चाहन्छु।' 'यसो भए तिमी दानिको लागि प्रार्थना गर्न सक्दैनौ,' हजुरआमाले सोझै जवाफ दिनुभयो; 'परमेश्वर प्रेम हुनुहुन्छ; अनि जब हामी प्रार्थना गर्छौं, तब हामी त्यस प्रेमको नजिकै आइरहेका हुन्छौं। तब जसरी बसन्त ऋतुमा घामले हिउँ पग्लन्छ, त्यसरी नै हाम्रो सब घृणा पग्लिएर जानैपर्छ। लुसियान्लाई परमेश्वरको हातमा छोड़िदेऊ, अनिता! असल र खराब दुवैको प्रतिफल उहाँले दिनुहुन्छ; तर याद राख, जसरी परमेश्वरले दानिलाई प्रेम गर्नुहुन्छ, ठीक त्यसरी नै उहाँले लुसियान्लाई पनि प्रेम गर्नुहुन्छ।'

हजुरआमाले तिनलाई म्वाइँ खाएर जानुभयो, अनि अनिता उहाँका कुराहरू विचार गर्दै बसिन्। आखिर वचन तिनले विश्वास गर्न सकिनन्। राम्रो, हँसिलो, सानो दानिलाई जतिकै परमेश्वरले निर्दयी, घिनलाग्दो, मूर्ख लुसियान्लाई प्रेम गर्नुहुन्छ; अहँ, यो त असम्भव छ। तर हजुरआमाले भन्नुभएको पहिलो खण्ड तिनलाई साँचो लाग्यो, र यसैबाट तिनलाई अशान्ति भयो। दानिको निम्ति प्रार्थना गर्न र लुसियान्लाई कसरी दुःख दिने योजना गरिरहन सकिँदैन। यी दुईटै कुरा कहिल्यै मिल्दै मिल्दैनन्। तिनी दानिको लागि प्रार्थना गर्न चाहन्थिन्, तर प्रार्थना गर्दा तिनको घृणा हटेर जाला; अनि त्यो तिनले हालै चाहदिनथिन्। पहिले तिनले आफ्नो ईख फेर्न चाहन्थिन्।

यसो भए अहिलेको लागि हजुरआमाले प्रार्थना गर्दै बसून् र मचाहिँ आफ्नो ईख फेर्ने योजना बनाइरहन्छु भन्ने निर्णय जब तिनले गरिन्, तब दानिएल ओछ्यानमा सोझो भएर बस्यो र डराउँदै अर्धनिद्रामा एक्कासि कराउन थाल्यो। 'क्लाउस,' दानिएल रोयो; 'क्लाउस कहाँ छ?

ऊ त खोलाभित्र खसेछ।' अनिता दौड़ेर ऊकहाँ पुगिन्। 'होइन, होइन!' तिनले सान्त्वना दिँदै गुनगुनाइन्; 'ऊ यहाँ छ!' तिनले घुरघुर गरिरहेको रौंको सानो डल्लोलाई पलङको फेदबाट उठाएर त्यसलाई दानिएलको अँगालोमा राखिन्। तब उसको छातीमा सुतिरहेको बिरालोको बच्चासित ऊ फेरि पल्टेर लमतन्न भयो, अनि मस्त निदायो। दानिएलको सास शान्त र एकनास नभएसम्म अनिता केही समय उसकै छेउमा कुरेर बसिन्; त्यसपछि तिनी पनि आफ्नो पलङमा चढ़िन् र निदाइन्।

# ८

# भागने दिन

लुसियान् पनि अन्धकारमा तातो, रन्किरहेको टाउको लिएर ओछ्यानमा पल्टिरह्यो र आँखाहरूचाहिँ बन्द हुन मानेनन्; किनभने जब-जब ऊ तिनलाई बन्द गर्दथ्यो, तब-तब ऊ दानिएललाई पहराको डिलदेखि तल खोचभित्र हराइरहेको मात्रै देख्दथ्यो। अनि त्यो भीर त अति कालो, अति करालो परेको घोर भीर थियो, जसको पींध नै थिएन, जसभित्र कोही खस्दा सदा खस्दै रह्यो। छिनछिनमा ऊ अर्धनिद्रामा हुन्थ्यो, तर पल्टपल्टमा ऊ डरले कहालिँदै बिउँझन्थ्यो र उसको मुटु नराम्रोसँग ढकढक गरिरहेको थियो; किनकि उसका विचारहरूभन्दा पनि उसका सपनाहरू झन् खतरनाक थिए। कोही आइदिए हुन्थ्यो! एक्लै हुनु कति भयानक थियो। उसले आमाको चाह गर्‍यो, र उनी घरभित्र आएकी

छिन् भन्ने थाहा पायो; किनकि ऊ उनलाई तल भान्सा–कोठामा यताउति हिँड्रिरहेकी सुन्थ्यो। उसले उनलाई बोलाउन आँट गरेन; किनकि अवश्य उनी ऊसँग अग्घोर रिसाएकी हुनुपर्थ्यो; शायद यसैले उनी पर बसिरहेकी, हो कि ? उसले आमालाई बोलाउँदा उसकी दिदीले यो सुन्लिन्; र आफ्नी दिदीलाई चाहिँ उसले अलिकति पनि भेट्न चाहेन। तिनले उसलाई के भन्लिन्, उसले त्यो कल्पनाधरि पनि गर्ने साहस गरेन।

उसले भोलिको विषयमा विचार गर्न थाल्यो। भोलि ऊ स्कूल जानुपर्थ्यो र अनिताले सबैलाई भनिसकेकी हुन्थ्यो। उसको कुरूप, रिसाउने बानी र मन्दबुद्धिले गर्दा हालसम्म कसैले उसलाई त्यति मन पराउँदैथ्यो। तर अब त तिनीहरू सबैले उसलाई घृणा गर्नेथ्यो। अबउसो कोही उसको साथी हुन मान्दैथ्यो, कोही पनि कक्षामा उसको छेउमा बस्न मन पराउँदैनथ्यो, वा स्कूलबाट ऊसँगै घरतिर हिँड्दैनथ्यो।

उसले कोही सिँढ़ी चढ़ेको आवाज सुन्यो, अनि उसकी आमा कोठाभित्र पसिन्। ऊ रुँदै बस्यो र आफ्ना हात उनीतिर फैलायो, तर उनी ऊकहाँ आइनन्, तर अलि पर पलङ्माथि बसिन्, र उनको अनुहारमा फिक्रीको हेराइ लिएर उसलाई हेरिरहिन्। उनको हृदयभित्र उनी ऊप्रति ज्यादै दुःखित थिइन्, अनि उसलाई सान्त्वना दिन उनले इच्छा गरिन्, तर उनी त्रासले ग्रसित थिइन्। दानिएल सिकिस्त घाइते भएदेखि बर्नियरहरूले उनीहरूलाई के गर्लान् भन्ने डर, कानुनदेखिको डर र उनले तिर्न नसक्ने डाक्टरका बिलहरूदेखिको डर उनलाई छोपेका थिए। यस्तो अवस्थामा लुसियान्लाई सान्त्वना दिनु उनलाई त्यत्ति उचित लाग्दैनथ्यो, नत्रता उनलाई आफ्नो छोराको पक्ष लिएको आरोप लाग्ला। यो कुरा छोड़ेर उसलाई केही सजाय दिनु उनको कर्तव्य हो भन्ने उनलाई लाग्थ्यो। उनी एउटी बुज्झकी आइमाई भएकी भए यहाँ उनीबाटको कुनै सजाय आवश्यक थिएन भन्ने कुरा उनले चाल पाउनेथिइन्; उनले अघिबाटै लुसियान्को लागि पर्खिरहेका त्रास र वेदना, एक्लोपना र आफ्नो दोषमा कायल भई लाजमर्दो लाग्ने लामा हसाहरू देख्न सक्नेथिइन् होला। उनले के जान्नेथिइन् भने उनैले छोरालाई सान्त्वना दिनुपर्छ र यी समस्याहरूदेखि पार गर्न उसलाई सकेजति सहायता गर्नुपर्छ। तर उनी त्यति बुज्झकी स्त्री थिइनन्।

‘तिमी कस्तो उपद्र्याहा केटो हौ, लुसियान्,’ उनले भारी स्वरमा भनिन्; ‘अब हामीमाथि के–के आइलाग्नेछ, सो मलाई थाहा छैन। बर्नियरको त्यस बालकलाई सिकिस्त चोट लागेको छ भने त हामी तहसनहस नै हुनेछौं। हामीले सबै बिलहरू तिर्नुपर्छ। अनि जहाँसम्म मलाई लाग्छ, हामी त्यसको खर्च बेहोर्नै सक्दैनौं होला। मेरो विचारमा, हामी प्रहरीको फन्दामा पर्नेछौं। तिमीले एउटा अति दुष्ट काम गरेका छौ; र आफ्नै विषयमा तिमी एकदम लज्जित हुनुपर्छ।’ लुसियान् आफ्नै विषयमा यति लज्जित थियो कि उसले कुनै जवाफ दिँदै दिएन। यही कुराले गर्दा उसकी आमा अचम्ममा परिन्। किनकि ऊ जहिले पनि जवाफ फर्काउनुमा एकदम छिटो र आफ्नै जिद्दी गर्न सिपालु थियो। लुसियान् एकदम चुपचाप – यो त एउटा नयाँ कुरा थियो। ‘अँ,’ उनले अन्तमा एकदम शान्त स्वरमा भनिन्; ‘हामी आशा गरौं; भोलि तिमी गएर बर्नियरहरूलाई माफ माग्यौ भने शायद उनीहरूले तिमीलाई क्षमा गर्नेछन्।’

उनी उसको जवाफ पर्खिबसिन्, तर कुनै जवाफ आएन। यसैले साह्रै चिन्तित हुँदै उनी उठिन् र कोठा छोड़ेर गइन्। पछि उनी एक कचौरा तातो सूप लिएर फर्किआइन्। उनको छोरालाई सान्त्वना दिनु गलत काम हुन्थ्यो भने उसलाई केही खुवाउनुमा उनले कुनै गल्ती देख्न सक्दैनथिन्। लुसियान्ले कचौरा लियो र त्यो सूप खान खोज्यो, तर तीन घुट्कोमा ऊ सर्कियो र त्यसलाई आमाकहाँ फिर्ता गर्‍यो, त्यसपछि आफ्नो अनुहार तकियाभित्र जोतेर आफै लम्पसार पर्‍यो। आफ्नो मुटु नै फुट्ला झैं गरी ऊ फेरि रोयो। उसको आमाले केही भनिनन्; किनकि के भन्नु उनलाई थाहा थिएन। तर उनले उसको टाउको थपथपाइन्, अनि जब उसको घुँक्क–घुँक्क शान्त हुँदै गयो, तब उनी लुसुक्क छेउ लागिन् र उसलाई एक्लै छोड़िन्।

जब ऊ भोलिपल्ट बिहान बिउँझ्यो, तब हिजो के भएको थियो न उसले थाहा गर्न सक्यो, नता उसको टाउको किन रन्न दु:खिरहेको र उसका आँखाहरू किन त्यस्तो ढङ्गले रन्किएका र भारी भएका थिए, थाहा गर्न सक्यो। त्यसपछि सबै कुराहरू तँछाड़–मछाड़ गर्दै उसको सम्झनामा फर्की आए। अनि अर्को एउटा कुरा पनि उसले सम्झ्यो। आज उसले स्कूल जानु र अरू केटाकेटीहरूको सामना गर्नुपर्थ्यो। शायद यही रात दानिएल मर्‍यो होला, र यो उसैको गल्ती थियो भनेर तिनीहरू सबैले थाहा पाउनेथिए।

उसले स्कूल नजाने निर्णय गर्‍यो – ऊ दिनभरि नै लुक्नेछ। यो गर्न त्यति गाह्रो हुँदैनथियो। ऊ माथि सल्लाघारीहुँदो भाग्नेछ र दिउँसो फर्केर आउनेछ, अनि कसैले पनि केही थाहा पाउनेछैन। उसकी आमाले ऊ स्कूल गएको ठान्नेछिन् र स्कूलको तर्फबाट कसैले पनि के–कसो भनेर सोधपुछ गर्नेछैनन्। ऊ माथि बेंसीदेखि अति टाढ़ामा बस्थ्यो; अनि कसले वास्ता गर्नेछ र ? आखिरमा पक्कै पनि कसै न कसैले त ऊ स्कूल नगएको पत्तो लाउनेछन्, तर अहिलेको लागि यतिचाहिँ पर्याप्त थियो। भोलि स्थिति बदली भएको हुन सक्थ्यो। भोलि ऊ फरक हुन्थ्यो होला अथवा दानिएल निको भएको हुन सक्थ्यो। भोलि जे पनि हुन सक्थ्यो, तर आज ऊ भाग्नेछ र लुक्नेछ।

ऊ जुरुक्क उठ्यो र तल्लो तलमा गयो। उसकी दिदी मेरी भान्सा–कोठामा थिइन्। तिनले अघि नै आफ्नो पाउरोटी र कफी खाइसकेकी थिइन्, र स्टेसनतिर जानलाई तयार भइरहेकी थिइन्। लुसियान् भान्सामा पस्दा तिनले ऊदेखि आफ्नो टाउको फर्काइन् र फर्किन्। तर लुसियान्ले तिनलाई अलिकति पनि ध्यानै दिएन। ऊ चुपचापसित भान्सा–कोठा पार गरेर बाहिर निस्क्यो र बिहान सबेरैको दूध दुहुने काममा आमालाई सघाउन गोठतिर लाग्यो। जब काम सकेर ऊ घरभित्र पस्यो, तब उसकी चिन्तित आमाले ऊमाथि आँखा लगाइन्, तर उसले केही पनि भनेन। चुल्हाको छेउमा मुढ़ामा बसेर आफ्नो खाजा खाँदै ऊ अझै गजबले चुप रह्यो। अन्तमा ऊ उठ्यो, आफ्नो कोट लगायो र एक वचन पनि नबोलीकन आफ्नी आमालाई म्वाइँ खाएर बिदाइको अभिवादन गर्‍यो र हिँड्यो। घुम्तीमा नपुगुन्जेलसम्म उनी उसलाई हेर्दै उभिइन्, तब उनले हात हल्लाइन्। उसले पनि हात हल्लायो र उनी गइसकिन् भन्ने पक्का नभएसम्म घुम्तीमा ढुकेर ऊ पर्खिबस्यो। त्यसपछि आफ्ना पाइला बत्ताउँदै ऊ उकालो लाग्यो र आफ्ना खुट्टाले जति कुद्न सक्थे, त्यति नै छिटो ऊ सुइँकुच्चा ठोक्यो।

ऊ एकदमै छिटो कुद्यो र स्वाँ–स्वाँ गर्दै त्यस विशाल सल्लाघारीमा, त्यसको शान्त शीतलतामा आइपुग्यो, जुन घारी पहाड़भरि नै फैलिएको थियो। यहाँचाहिँ ऊ सुरक्षित थियो, किनकि अझ सबेरै थियो। यसैले ऊ भुइँमा बस्यो र विचार गर्न लाग्यो। यो एउटा गजबको सल्लाघारी थियो र रूखहरूबाट खोटो फुटेर निस्किरहेको थियो र तिनका

खैरा फेदमा बगिरहेको थियो। सल्लाका पातहरूका बास्ना जमिनबाट उठेर बन पूरै शान्ति र चिसो, मन्द प्रकाशले भरिएको थियो। अचानक लुसियान्लाई केही हलका भएको लाग्दैथियो। दिनभरि ऊ के गर्दैछ भन्ने कुनै विचार उसलाई आएन; अनि ऊसँग केही खानेकुरा थिएन; किनकि स्कूलले सधैं उसको निम्ति दिउँसोको खानाको प्रबन्ध गर्थ्यो। तर यस अनौठो आशाको अनुभूतिले उसलाई सुतूँ–सुतूँ बनायो। बितेको रात ऊ राम्ररी सुतेको थिएन; यसैले ऊ भुइँमा लमतन्न तन्कियो र मस्त निद्राले उसलाई छोप्यो। मध्यदिन नभएसम्म र तल स्कूलमा केटाकेटीहरू आफ्नो खाना खान ननिक्लेसम्म ऊ सुतिरह्यो। त्यसपछि ऊ उठ्यो र आफैले पनि खाना खाने मन गर्‍यो।

तर त्यहाँ जङ्गलमा केही खानेकुरा पाइँदैनथियो। यसैले ऊ उठ्यो र उँभो लेकमा बसेका किसानहरूमध्ये कसैले दया देखाएर उसलाई एक घुट्को दूध पिउन देलान् कि भन्ने आश गर्दै उकालो लाग्यो। अनि यसरी बरालिँदै गर्दा उसले सुरुवालका खल्तीहरूमा आफ्ना हात हाल्यो र यसो गर्दा आफ्नो चक्कु भेट्टायो, अनि त्यसलाई बाहिर झिक्यो। ऊ एउटा मुढ़ामा बस्यो, एउटा काठको टुक्रा लियो र त्यसलाई आफ्नो चक्कुले खरखर खुर्कंदै ताछ्न थाल्यो। ऊ पहिले धेरै पल्ट काठको चोइटै ताछ्थ्यो र कुँद्ने कोशिश गर्थ्यो, तर उसले कहिल्यै कुनै चीज राम्ररी बनाउँदैनथियो। तर हालै गर्न अरू केही नभएर एउटा वनबाख्रा कुँद्ने निश्चय गर्‍यो। यस्ता साँभर–मृगजस्तै जङ्गली पहाड़ी बाख्रा अग्ला–अग्ला तारे भीरहरूहुँदो बस्छन्। जानी–नजानी उसले चोइट्याउन थाल्यो। बिस्तारै उसका हातहरूमा त्यस काठको टुक्राले आकार लिन थाल्यो। यसो हुँदा एउटा उदेकको उत्तेजनाले उसलाई पक्र्यो। पहिले पल्ट उसले आफ्ना दुःखहरू भुल्यो र ऊ के गर्दै थियो, त्यसमा तनमनले लीन भयो। ऊ आफ्नो अन्तर–मनले यस जनावरलाई कल्पना गर्न सक्थ्यो; अनि जसरी उसले यसको कल्पना गर्‍यो, त्यसरी नै उसले यसलाई आकार दियो।

यसलाई अलि परबाट नियालेर हेर्न लुसियान्ले हात बढ़ायो। यो वनबाख्राको आकृति पूर्ण सफल भएको थिएन, तैपनि यो अवश्य एउटा वनबाख्रा नै थियो, अनि यो कति सानदार थियो, उसलाई थाहै थिएन। त्यो दुर्घटना घटेकोदेखि उसो ऊ कहिल्यै यति खुशी थिएन। उसले गर्न सक्ने

एउटा काम भेट्टाएको थियो। उसको मन्दबुद्धि भए तैपनि ऊ कुँद्न सक्थ्यो, र अब फेरि एक्लै भएमा विरक्त मान्नेथिएन। अनि जब अरू केटाकेटीहरूले उसलाई रुचाउँदैनन्, त्यस बखतमा ऊ वनमा निस्केर सुनसान कुनेटोमा आई बस्नेथियो र सुन्दर कुराहरू कल्पना गर्नेथियो र तिनलाई कुँद्नेथियो। कुँद्दै गर्दा ऊ भुलिन सक्थ्यो, अनि ऊ त्यही नै चाहन्थ्यो। जे भए पनि ऊ अलग्गिएर एकान्तमा आउन र भुलिन सक्थ्यो।

ऊ अझ उकालो लाग्यो र वनबाट निस्केपछि तल बेंसीतिर हेर्‍यो। घाम पश्चिमी पहाड़हरूतिर ढल्किरहेको थियो, र तल निक्कै टाढ़ामा ऊ चारै दिशातिर तँछाड़–मछाड़ गरिरहेका स–साना काला टाटाहरू देख्न सक्थ्यो; अँ, केटाकेटीहरू स्कूलबाट छुट्टी भएर आ–आफ्ना घरतिर जाँदैथिए। अबको पन्ध्र मिनेटमा घर जान ढुक्क हुन्थ्यो। ऊ बिस्तारै सल्लाघारीबाट फर्केर गयो; किनकि ऊ त्यति छिट्टै घर फर्किन हुँदैनथियो। यतिखेर घाम बेंसीको अर्को पाटोमा लागेको थियो र सल्लाघारी चिसो र अँध्यारो थियो। लुसियान्ले आफ्नो हात सुरुवालको खल्तीमा घुसार्‍यो र आफ्ना औंलाले कुँदेको वनबाख्राको जीउ समाइरह्यो। यो एउटा चित्त बुझ्दो अनुभूति थियो।

घर पुगेपछि उसले के सुन्न पाउनेथियो होला भनेर ऊ अक्क न बक्क हुँदैथियो। शायद दानिएल मरिसक्यो होला। तर लुसियान्ले त्यो विचार आफूदेखि पर सार्‍यो; किनकि यसको सामना गर्न उसले आँट गरेन। हुन सक्छ, दानिएल सिकिस्त घाइते भएको थियो होला; र लुसियान्को मनका आँखाको सामु दानिएलको कोतरिएको गोरो अनुहार घाँसबाट उँभो ऊतिर हेरिरहेको एउटा चित्र नाच्यो।

यो क्षति पूर्ति गर्न ऊसँग केही कुरा भए हुन्थ्यो; तर त्यो के हुन सक्थ्यो होला, सो विचार उसलाई आएन। ऊ अलिक निन्याउरो हुँदै घरभित्र पस्यो; तब उसकी आमाले, जो चुठुवाको सामु उभिएकी थिइन्, अधीर हुँदै उसलाई हेरिरहिन्। ऊ बोल्न थाल्छ कि भनेर उनी केही क्षण पर्खिन्, तर आखिरमा अझै पर्खन सकिइनन्। उनले उसलाई यसो भन्दै सोध्न थालिन्: 'ए लुसियान्, आज स्कूलमा कस्तो भयो त?' 'राम्रो भयो, आमा!' लुसियान्ले जवाफ दियो। 'म तल बर्नियरहरूकोमा सोधखोज गर्न गएकी थिएँ,' उसकी आमा भन्दैगइन्; 'अनि अनिता र बर्नियरज्यूले दानिलाई गाड़ामा राखेर डाक्टरकहाँ लगेका रहेछन्। उनीहरू ढिलो

फर्कनेछन् रे। लुसियान्, अनिताकी हजुरआमा मसँग एकदमै मधुर स्वरमा बोल्नुभयो। उनीहरू राम्रा मान्छे रहेछन्; र मलाई लाग्छ, उनीहरूले तिमीलाई क्षमा दिनेछन्, अनि तिमीले पाउनुपर्ने सास्ती दिनेछैनन्।' लुसियान्ले केही जवाफ दिएन। अनिताकी हजुरआमाले त उसलाई क्षमा दिनुहोला, तर अनिताले चाहिँ जस्तो भए पनि क्षमा दिनेछैनन् भन्ने उसलाई राम्रैसँग थाहा थियो।

'के स्कूल–मास्टरले भएको कुरा थाहा पाए त?' एकछिन चुपचाप भएपछि उसकी आमाले सोधिन्।

'हो, आमा; थाहा पाए,' लुसियान्ले जवाफ दियो।

'के उनले यस विषयमा केही भने,' उनी भन्दैगइन्।

'अहँ,' लुसियान्ले जवाफ दियो।

उसकी आमा त अलमल्लमा परिन्। उनको छोरालाई स्कूलमा कस्तो खाले परिस्थिति आइपर्‍यो होला भन्ने पीड़ादायी सोचाइमा उनले दिन बिताइरहेकी थिइन्, तर केही पनि भएको थिएन रहेछ; अनि बिहान भन्दा ऊ अलिक उज्यालो देखिन्थ्यो। 'म त गाईहरू दुहुन हिँड़ें है, आमा;' लुसियान्ले भन्यो र खुइय्य एउटा सुस्केरा हाल्दै ऊ पारि गोठतिर गयो। यो गोठचाहिँ उसको शरणस्थान बन्यो, जहाँ उसले आफ्नी आमाका प्रश्नहरूदेखि उम्कन पायो र जहाँ गाईहरूले उसको विषयमा राम्रो–नराम्रो केही पनि विचार गर्दैनथिए। उसले छिटो–छिटो गर्‍यो, त्यसपछि बाल्टी ढल्काउँदै फटाफट एक मानाजति फिँज उठिरहेको तातो दूध पियो र ताजा भयो। बिहानको खाजा खाएदेखि उता उसले केही खाएको थिएन।

आज–साँझ उसले आफ्नो खानाको केही राख्नेछ; अनि भोलि ऊ फेरि सल्लाघारीमा जानेछ र लुकाइमा अर्को एक शान्त दिन बिताउनेछ। उसलाई नभेट्टाएसम्म ऊ दिनदिनै त्यसै गर्नेछ, र उसलाई फेला पर्न धेरै बेर लाग्दैन होला।

उसले दूध दुहुने काम सकेसम्म ढिलो गर्‍यो; त्यसपछि बाल्टीहरू बोक्दै ऊ घरतिर हिँड़्यो। घरको ढोकामा पुग्दा ऊ आफ्नी दिदीसित भेट भयो, जो हतारिँदै उकालो घरतिर आइरहेकी थिइन्। तिनी रातोपिरो भएकी र स्वाँ–स्वाँ गर्दैथिइन्। 'तँ फुच्चे डरछेरुवा, लुसियान्!' उसलाई देख्नासाथ तिनले भनिपठाइन्; 'लुच्चो तँ, यसरी स्कूल नगएको! त्यसले

दिनभरि के गरिरहेको हँ, आमा? तपाईंले त उसलाई स्कूल जान कर लगाउनुपर्ने नि।' तिनकी आमा रन्किँदै फरक्क फर्किन्। 'तिमी के–कस्तो कुरा गर्दैछ्यौ, मेरी?' उनले तीखो स्वरमा सोधिन्। 'पक्का पनि ऊ स्कूल गएकै; ऊ भर्खरै मात्र भित्र आएको हो। विचरा, यस केटालाई छोड़िदेऊ र आफ्नो काममा लाग।' 'लौ, अचम्म!' मेरी दङ्ग पर्दै बोलिन्; 'अँ, ऊ भर्खरै मात्र भित्र आएको हो भने त ऊ कहाँ गएर आएको होला? म यति मात्र थाहा पाउन चाहन्छु। स्टेसनबाट आउँदाखेरि मेरो भेट स्कूल–मास्टरसँग भयो। उनले आफ्नो सागबारी गोड्दैथिए। उनले बारबाट मतिर हेरेर मलाई बोलाए। ''लुसियान् कहाँ छ?'' उनले सोधे; ''अनि ऊ किन स्कूल नआएको? के उसलाई सन्चो छैन?'' अनि मैले जवाफ दिएँ: ''ऊ सन्चो किन नहुने? अनि मैले उसलाई घिच्याउनुपर्‍यो भने ऊ भोलि स्कूल आउनेछ।'' यसकारण तैंले थाहा पाइस्, लुसियान्! आज दिनभरि तँ कहाँ थिइस्? तर भोलि त म आफै नै तँलाई स्कूलमा लैजानेछु।'

'ठग, तँ त्यसरी नै मलाई झुक्याउँदैछस् हँ, लुसियान्!' उसकी आमा रिसले राँकिँदै चिच्च्याइन्; 'तँ एउटा दुष्ट केटो होस्। तँसित मैले के गर्नु हो अब, मलाई थाहा छैन। मास्टरले नै तँलाई ठीक पार्नेछन्।' अनि उनी एकदमै आत्तिएकी र उनको छोराले उनलाई छल गरेको हुनाले उनले आफ्नो बाहिर लगाउने भोटोले आफ्नो अनुहार छोपिन् र रुन थालिन्। लुसियान् चुपचापसित घोसेमुन्टो लाउँदै र साह्रै नमीठो मान्दै चुल्होनेर बस्यो। त्यति बेला हरेक व्यक्ति नै र हरेक थोक नै उसको विरोधमा भएझैं उसलाई लाग्थ्यो। उसको भाग्ने एउटै मात्र आशा अब ऊबाट छिनाई लगियो। भोलि ऊ स्कूल जानुपर्ने भयो र अनिता त्यहीं हुने होला। ऊ आज स्कूल गएको भए उनी त्यहाँ हुनेथिइनन्। उसले एउटा ठूलो काठको चिर्पट उठाएर आफ्नो चक्कुले त्यसलाई चोइट्याउन थाल्यो; अनि फेरि उसका औंलाहरूले आफ्नो खल्तीमा भएको काठको वनबाख्रालाई छामिरहे।

# ९

# अस्पतालतिरको यात्रा

गाड़ामा दानिएल एउटा परालले भरिएको नरम डसनामाथि ओछ्याइएको बोरामा पल्टियो र माथि नीलो आकाशतिर आँखा तन्कायो, जसमा ससाना ऊनका भुवाजस्ता सेता बादलहरू तैरिरहेका थिए। ऊ गाड़ाका यताउतापट्टि हेर्न चाहन्थ्यो, तर त्यसो गर्नु असम्भव थियो; किनकि ऊ उठेर बस्न सक्दैनथ्यो। यसकारण उसले आकाशतिर हेर्‍यो र अनिताले दृश्यको वर्णन दिइरहिन् र उनीहरू जाँदै गर्दा के–के भइरहेको थियो, सो बताइदिइन्। दानिएलको खुट्टा नराम्रोसँग दुख्यो; यसले उसलाई निक्कै बेखुशी तुल्यायो। जब गाड़ा धक्का खान्थ्यो, तब ऊ डाँको छोड्थ्यो, तर अनिता उसलाई शान्त बनाउन ऊसँग नरम स्वरमा बोल्थिन्। अनि मुख्य व्यक्ति गनिएकोमा उसलाई अझ मज्जा लाग्दथ्यो। 'हामी अहिले गाउँको सिरानमै छौं, दानि;' अनिताले भनिन्; 'भर्खरै हामी गिर्जाघर भएर जाँदैछौं; अनि उता फोहोर बढ़ार्नेको छोरो एमिलले गिर्जाको आँगनबाट त्यसमा पसेका गाईहरू लखेटिरहेको छ। को होला, मूर्खले नै मूल–ढोका खुलै राखेछ।' 'के गाईहरू गिर्जाभित्र जान खोज्दैछन्?' दानिएलले चाख मान्दै बुझ्न खोज्यो। 'होइन,' अनिताले जवाफ दिइन्; 'तिनीहरू पर्खाल चढ़ेर माथिबाट हाम फाल्न खोज्दैथिए, तर सकेनन्; किनकि त्यो

अग्लो छ; तिनीहरू कब्रिस्तानमा पो पसेछन्। अब हामी शिशु मन्दिरनिर छौं, दानि; अनि त्यहाँ शिक्षिका आफ्नो कोठाको सामुका खुड्किलाहरू खुर्कंदैछिन्। मेरो ख्यालमा, आज उनको सरसफाइ गर्ने दिन होला र सबै नानीहरूलाई उनले छुट्टी दिएकी हुनुपर्छ। स्कूल-मास्टरले पनि सरसफाइ गर्ने दिनहरू राखे कति राम्रो हुन्थ्यो। ओहो! यता शिक्षिका गाड़ातिर आइरहेकी छिन्। उनले हामीलाई देखेकी छिन्, र मलाई लाग्छ, उनी तिमी कस्तो छौ भनेर बुझ्न चाहन्छिन्। अनि यता श्रीमती पिलेट र श्रीमती लेन्वार आउँदैछन्। तिनीहरूले पनि हामीलाई देखेका छन्। तिनीहरूले धारामा आफ्ना लुगाहरू धुँदैथिए।'

अनिताको अड्कल ठिक्कै थियो; तिनीहरू पक्का पनि दानिएललाई कस्तो छ भनेर जान्न चाहन्थे; किनकि एउटा स्यानो गाउँमा खबर एकछिनमै फैलिन्छ, र त्यसको एकदम चर्चा चल्छ र धेरै समयसम्म याद गरिइरहन्छ; किनभने यस प्रकारको घटना विरलै हुन्छ। जब लुसियान्की दिदी मेरीले डाक्टरलाई फोन गरिन्, त्यस बेला हुलाकीकी पत्नीले तिनीबाट घटना-विवरणको केही भाग सुन्न पाएकी थिइन्, र तिनी सबेरैको रेल पर्खंदै गर्दा स्टेसन-मास्टरकी पत्नीले चाहिँ बाँकी कुरा तिनीबाट सुनेकी थिइन्। यतिखेर सबै जनाले यही विषयमा कुरा गरिरहेका थिए र हरेक नै अरू बढ़ी थाहा पाउन चाहन्थे।

यसरी श्रीमती पिलेट र श्रीमती लेन्वारले आ-आफ्ना पतिका, सेता बेलुनझैं फुलेका कमिजहरू धाराको पानीमै छोड्दै गर्दा श्रीमती डुरेले, जसले गाउँको एकमात्र पसल चलाउँथिन्, आफ्नो दोकान त्यतिकै छोड़ेर उनको पछि-पछि आइलाग्ने दुईजना ग्राहकसँग दौड़ेर बाहिर आइन्। शिक्षिकाले पनि आफ्नो खुर्कने बाल्टिन छोड़िन्, अनि तिनीहरू सबै नै गाड़ाको वरिपरि झुम्मिएर उत्तानो परेर आफ्नो परालको डसनामा पल्टिरहेको दानिएललाई हेर्न औंलाले टेक्दै उभिए। अरू बेलाभन्दा ऊ अलि पहेंलो थियो, नत्रभने ऊ एकदम हँसिलो र तिनीहरूलाई देख्न पाएकोमा खुशी मान्ने केटो थियो।

'ओहो, बाबा!' शिक्षिका चिच्च्याई आफ्ना हात मास्तिर फ्याँकिन्; 'तिमीले हामीलाई सब कुरा बताउनैपर्छ, अनिता!' अनि तिनीहरू सबले घटेको घटनाको बयान एकचोटि सुनिसकेर अरूलाई दोहोर्‍याएर सुनाए

तैपनि तिनीहरू सबैजना फेरि यसको विवरण सुन्न तयार थिए। यसैले अनिताले तिनीहरूलाई यस घटनाको बखान दिइन्, र तिनीहरूले टाउको हल्लाउँदै सही थपे र आफ्ना जिब्रा टोके। तिनीहरू सबै नै लुसियान्सँग एकदम रिसाएका थिए। 'ऊ एउटा दुष्ट केटो हो!' शिशु–मन्दिरकी शिक्षिकाले भनिन्; 'म साना केटाकेटीहरूलाई त्योसँग केही पनि सँगत नगर्नू है भनेर चेतावनी दिन्छु।' 'अनि म पियरलाई त्योसँग खेल्न जान दिन्नँ;' हुलाकीकी पत्नीले भनिन्; 'त्यसको हृदय दुष्ट छ; यो त्यसकै अनुहारमै देख्न सकिन्छ। त्यस्तो छोरो पाल्नुपरेकोमा मलाई त त्यसकी आमाप्रति दुःख जागेर आउँछ।' उनले आफ्नो हँसिलो, छालाभरि फिका खैरा थोप्लाथोप्ली भएको टाटे अनुहार भएको छोराको सम्झनामा गर्व मान्दैथिए। उसलाई गाउँका प्रायः सबै केटाकेटीहरूले खूब मन पराउँथे।

दानिएलका बुवाले अधीर हुँदै आफ्नो चाबुक हुइँक्याउनुभयो र उनीहरूले डाक्टरलाई पर्खाइराख्नुहुँदैन भन्ने कुरा याद दिलाउनुभयो। तब आइमाईहरू पछाडि हटे र ढुङ्गाले छापिएको बाटोमाथि गाडा बिस्तारै अघि बढ्यो। त्यसपछि ती आइमाईहरू सबै फरि एकै ठाउँमा झुम्मिएर आफ्ना टाउका जुधेर बाटोको बीचमै गफ गर्न थाले।

गाडामा झल्ट्याङ्गझुल्टुङ्ग भइरह्यो र उदाएको घाम आकाशमा चढ्दैगयो। डाकटरलाई पर्खाइराख्ने कुरामा घोडालाई एकरत्ति पनि चिन्ता थिएन, र उनीहरू त्यस शहरतिर बिस्तारै आफ्नो बाटो लाग्दा–लाग्दै दानिएललाई देखेका कुराहरूको बयान गर्न अनितासँग प्रशस्त समय थियो। 'नदी त पूरै बाढीले भरिएको छ, दानि!' अनिता बोलिन्; 'न्यानो मौषमले हिउँ छिटो–छिटो पग्लाएछ, अनि पानी सल्लाका जराहरू ढाकिदिएछ, र यता दाहिनेतिर एउटा रूख ढलेको रहेछ, र खोला पार गर्ने पुलजस्तै भएको छ। अनि ओहो, दानि! यहाँ एउटा सानो खैरो लोखर्के त्यसमाथि कुदूँ कि नकुदूँ भन्दै अलमल्लमा परिरहेको छ।' 'खोइ कता?' दानिएल चिच्च्याउँदै सोध्यो। यस कुराले उत्तेजित भई उसले अरू सब भुल्यो र उठेर बस्न खोज्यो, तर दुःखाइको रन्कोसित ऊ फेरि पल्टियो। 'तिमीले त्यसलाई देख्न सक्दैनौ,' अनिताले उसलाई चेताउनी दिइन्; 'लोखर्के बनभित्र दौडिसकेको छ। अब हामी स्टेसननेर आइपुग्दैछौं, दानि; अनि रेलमा चढाउनको निम्ति पेटीमा पर्खंदै गरेका तीनटा गाई छन्।'

यात्रा आरामसँग बित्यो। अन्तमा शहरका घरहरू देखा पर्न थाले र उनीहरू शहरभित्र आइरहेको कुरा अनिताले दानिएललाई बताइन्। 'मलाई पसलहरूको बारेमा बताऊ त!' दानिएल उत्सुक हुँदै प्याच्च बोल्यो। उसको छोटो जीवनमा ऊ तीन चोटि मात्रै यस शहरमा आएको थियो र योचाहिँ संसारको सबैभन्दा गजबको ठाउँ भन्ठान्यो। वास्तवमा यो त कुनै ठूलो शहर छँदैथिएन; किनकि त्यहाँ एउटै मात्र पसलैपसल भएको साँघुरो सड़क थियो, तर यी पसलहरू अति सुन्दर थिए। यता एउटा केक-पसल थियो, जसका झ्यालहरूमा विभिन्न फलफूल हालेर बनाइएका केकहरू टन्न राखिएका र रासका रास अदुवा-बिस्कुटहरू थिए, जो सोच्न सकिने हरेक आकारमा काटेर बनेका थिए। त्यसपछि कपड़ा-पसल आयो, जहाँ बुट्टाले भरेर सजाइएका राष्ट्रिय पोशकहरूको प्रदर्शन गरिएको थियो। तर सबैभन्दा राम्रो पसलचाहिँ काठ कुँद्नेको दोकान थियो; त्यहाँ आ-आफ्ना तखताहरूमा कुँदेर बनाइएका कुक्कु-चरा कराउने घड़ीहरू लाइनै-लाइनमा मिलाएर राखिएका रहेछन्। अनि बूढ़ा मानिसका आकृतिमा बनाइएका साना काठे साधन, जसले आफ्ना मुख आँ गरेर ठूलो बनाउन सक्थे, र जसका काठे दाँतहरूले ओखर फुटाउन सकिन्थ्यो। यही बाटोमा अघि बढ़ेर उनीहरू अन्तमा अस्पतालको सामु आइपुगे।

साँच्चै यो एउटा सानो अस्पताल मात्रै थियो, तर अनिता र दानिएलका लागि भने यो विशाल, भव्य थियो। बिरामीहरू सबै नै घमाइलो बरण्डामा पल्टिरहेका थिए र अस्पतालको मूल-ढोका पूरा खुला राखिएको थियो। दानिएलको बुवा चालक बस्ने आसनबाट फुत्रुक्क तल झर्नुभयो, लगाम बारमा बाँध्नुभयो र भित्र जानुभयो। केही मिनेटपछि उहाँ दुईजना मानिसहरू र एउटा बिरामी बोक्ने तामदान लिएर फर्कनुभयो। दानिएललाई तामदानमाथि बहिरङ्ग कक्षको एउटा काठे बेन्चमा राखियो; उसको टाउकोपट्टि उसको बुवा बस्नुभयो र उसका खुट्टापट्टि अनिता बसिन्। त्यस ठाउँको शान्त नौलोपना र अनौठो सफा सुगन्धले उनीहरू सबैलाई चुपचाप बनायो। यसकारण दानिएलले नर्सहरूतिर ध्यान दिन लाग्यो। तिनीहरूले लामा सेता बाहिर लगाउने कपड़ा र रिबन-टोपी

लगाएका थिए। दानिएलको विचारमा, तिनीहरू त ठ्याक्कै हजुरआमाको चित्रैचित्र भएको ठूलो पवित्र–बाइबलमा देखाइएका स्वर्गदूतहरूजस्तै थिए।

उनीहरू लामो समयसम्म पर्खेर बसे। उसको बुवा र अनिता झ्यापझ्याप उँघ्न र घुर्न थाले। दानिएलले आफ्ना हात टाउकोमाथि फैलायो र मुस्त निद्रामा डुब्यो। उसलाई डाक्टरले बिउँझाए, जो एक्कासि देखा परे र ठूलो हतारमा थिए। डाक्टर लामो कालो दाह्री पालेका र धोत्रो स्वर भएका एउटा निक्कै उमेरदार मानिस हुँदा रहेछन्। अनिता उनीसँग डराइन्। त्यसपछि त हरेक कुरा एकदम छिटो–छिटो हुन थाल्यो। दानिएलको खुट्टाका हाड़हरूको फोटो खिच्न उसलाई एउटा ठेला गाड़ीमा घिच्च्याइयो। उसको लागि फोटो खिच्ने कुरा एकदम चाकलाग्दो थियो; के त्यो फोटो उसले लान र आफ्नो घरमा झुण्ड्याउन उसलाई अनुमति दिइन्छ कि दिइँदैन भनेर ऊ जान्न चाहन्थ्यो। त्यसपछि उसलाई फिर्ता ल्याइयो र दानिएलले एकदम दुःखाइले नचिच्च्याएसम्म डाक्टरले बिग्रेको खुट्टा ताने। तब एक्स–रेका फोटोहरू ल्याइए, जो दानिएलको खुट्टाका जस्तो लाग्दैनथिए। तर ती देखेर डाक्टर प्रसन्न भएका देखिन्थे। उनले तिनलाई गहिरो पारख गरे र दङ्ग पर्दै आफ्नो टाउको हल्लाए। त्यसपछि उनी दानिएलको बुवातिर फर्केर यसो बोल्न शुरु गरे: 'यो केटो त अस्पतालमै बस्नुपर्छ। उसको खुट्टा नराम्रोसँग भाँचिएको छ।' तर दानिएलको बुवाले बिलकुलै मान्नुभएन। उहाँले आफ्नो सानो छोरालाई यी कालो दाह्री र खस्रा हातहरू भएका मानिसको जिम्मामा छोड्न चाहनुहुन्नथियो। 'हामी घरमा नै दानिको हेरविचार गर्छौं,' उहाँले दह्रोसँग भन्नुभयो; 'पक्कै पनि त्यसो गर्न मिल्छ होला?' 'यसो गर्न मिल्छ,' डाक्टरले आफ्ना कुमहरू हल्लाउँदै जवाफ दिए; 'तर मेरो विचारमा, उसलाई यहाँ राखिछोड्न राम्रो हुन्थ्यो। तपाईंकोमा म आउन सक्दिनँ, त्यो मेरो लागि अति टाढ़ा भयो; यसैले तपाईंले नै उसलाई यहाँ ल्याइरहनुपर्छ।' 'उसलाई यहाँ ल्याइरहन मलाई केही पीर छैन,' दानिएलको बुवाले ढुक्कसँग भन्नुभयो र अनिताले आफ्नो स्यानो हात उहाँको ठूलो हातमा राखिन् र एकचोटि थिचिन्। तिनी पनि दानिएललाई घरमा नै राख्न चाहन्थिन्।

डाक्टरले फेरि आफ्ना कुमहरू हल्लाए। फेरि पनि एउटी नर्सले दानिएललाई हतार–हतारसँग घचेट्दै लगिन् र यसपालि ऊ आधा घण्टाभन्दा

बढ़ी फर्केर आएन। आखिरमा जब ऊ उनीहरूकहाँ फर्केर आयो, तब ऊ निद्राले झुम्म भएको र अनौठो देखियो, अनि उसले एउटा अनौठो गन्ध सुँघेको बाहेक अरू कुनै कुरा सम्झन सकेन। अनि अनिताले उसको त कम्मरदेखि उँधो एउटा सेतो प्लास्टर रहेछ भनेर पत्ता लगाइन्। तिनले यो दानिएललाई औंलाले देखाइन्। उसले अचम्म मान्दै आँखा पल्टाएर तल आफ्नो खुट्टामा डिठ लगायो। 'मैले किन यो सेतो, दह्रो सुरुवाल लाउनुपरेको होला?' उसले अन्तमा सोध्यो, र त्यसपछि त्यसको जवाफ नपर्खीकन उसले डाक्टरको ठूलो कालो दाह्री त उसलाई मन पर्दैनथ्यो र ऊ घर जान चाहन्थ्यो भनेर भन्यो। अनिताले पनि त्यो दाह्री मन पराउँदिनथिन्, र उनीहरू सबजना नै घर जान चाहन्थे। अनिता जान चाहन्थिन्; किनभने तिनी भोकाएकी थिइन्; दानिएलचाहिँ थकित भएकोले जान खोज्यो, र उसको बुवा आफ्ना गाईहरू सम्झँदै हुनुहुन्थ्यो। जब डाक्टर साथमा दोस्रो एक्स-रे-फोटो लिएर आए, तब दानिएल र उसको परिवारलाई कहीं पनि देख्न सकेनन्। टाढ़ा बाटोमा एउटा चलमलाइरहेको घोड़ा आफ्नो पछाड़ि तीनजना यात्रुहरू एउटा पराल बोक्ने गाड़ामा तान्दै सकेसम्म छिटो-छिटो घरतिर आफ्नो बाटो तताइरहेको थियो। कहिले उनीहरूले दानिएललाई फेरि ल्याउनुपर्छ अथवा कति समयसम्म उसले आफ्नो प्लास्टर लगाइराख्नुपर्छ भन्ने कुरा त उनीहरूले सोध्न भुसुक्कै भुलेछन्।

पाँच बजे उनीहरू घर पुगे र दानिएललाई सोफामा सुताइयो। उसलाई एक्लो नलागोस् र राति कुनै कारणवश बिउँझेर तिनलाई खोज्दा अनिता उसको नजिक होऊन् भनेर तिनी उसैको छेउमा एउटा डसनामा सुतिन्। यहीं ठाउँमा दानिएल कति हप्तासम्म आफ्नो खुट्टा तकियामा अड्याएर बस्थ्यो र उसको वरिपरि सबै चीजबीजहरू सजाइएर राखिन्थे। हालैको निम्ति अनिताले स्कूल जान बन्द गरिन्, र पूरापूर दानिएलको नोकर बनिन्। धेरै पल्ट तिनले उसलाई आफ्ना सबै कथा भन्थिन् र दिनभरि नै ऊसँग खेलहरू खेल्थिन्। यस सानो बिरामी केटोको भोक जगाउनालाई हजुरआमाले भान्सामा गजबको खानेकुरा पकाउनुहुन्थ्यो। उसको भोक त्यसरी जगाउनुपर्ने नै थिएन; किनकि ऊ आफ्नो सोफामा रहे तापनि ओछ्यानमा नपरेको बेलामा जस्तै हँसिलो, रातोपिरो र भोकाएको थियो। जब अनिता अरू काममा व्यस्त हुन्थिन्, तब ऊ उत्तानो परेर बरण्डाको एउटा

ओछ्यानमा पल्टन्थ्यो र खुशी भएको भारद्वाज–चराले झैं गीत गाउँथ्यो।

उसलाई खुशी तुल्याउन ऊसँग अवश्य नै सबै थोकहरू थिए। गाउँलेहरूले त्यो आफ्नो जिम्मेवारी सम्झे। उनीहरूले उसकी सुन्दरी, तर कमजोर आमालाई माया गर्थे, जो तिनीहरूकै बीचमा हुर्केकी थिइन्। अनि जब उनी मरिन्, तब तिनीहरू सबैले उनका केटाकेटीहरूलाई, विशेष गरी दानिएललाई प्रेम गर्ने अठोट गरे, जसका आँखा नीलमणिजस्तै नीला थिए, र जसको स्वर एउटा चराको जस्तो मीठो थियो; अँ हर हिसाबले ऊ मायालाग्दो थियो। दानिएलले जहिले पनि माया पाउँथ्यो, र पनि त्यस प्रेमद्वारा ऊ पुलपुलिएको थिएन। ऊ केवल मक्ख पर्थ्यो र खुशीले रमाउँथ्यो; किनकि यति धेरै गजब–गजबका उपहारहरू र उसलाई भेट्न आउनेहरूको ओइरोले गर्दा शुरुमा त उसले आफ्नो स्वतन्त्रता गुमाएको चाल पाएन।

गाउँका केटाकेटीहरू उसको लागि पहिला फुलेका लेकाली फूलहरू टिप्न माथि लेकतिर खोज्न भौतारिन्थे र उसको ओछ्यान–छेवैमा भएको टेबिलमाथि एउटा लेकाली फूलले भरिएको फूलबारीजस्तै नभएसम्म ल्याउने गर्थे। दानिएललाई ती फूलहरू हेर्न खूब मन पर्थ्यो; यसैले उसको हजुरआमाले खुशीसाथ केटाकेटीहरूका हल्ला र घरभित्र हिलैहिलो ल्याउने जुत्ताहरू सहनुहुन्थ्यो। स्कूल जाने समयबाहेक बरण्डाचाहिँ सबै केटाकेटीहरूको लागि एउटा खेल्ने मैदान बन्यो, जहाँ दानिएलको हुकुम चल्थ्यो।

स्कूल–मास्टरले चित्र भएका राम्रा–राम्रा किताबहरू पठाउँथे भने पौवा–कुरुवाले खैरा छिर्केमिर्के अण्डाहरू पठाउँथे, साथै पाउरोटी पकाउने मिस्त्रीले बेला–बेलामा किसमिसका आँखा र पुष्टकारीका टाँकहरू भएका सुनौला फुच्चे केटाहरू बनाउँथे। उनले तिनलाई अनिताको पाउरोटी बोक्ने डोकोमा खुसुक्क हालिदिन्थे; यसैले दानिएल जहिले पनि किनमेल गरिएका सामानले भरिएको डोको खोतल्न पाउने जिद्दी गर्थ्यो। उसले यसमा म के भेट्टाउँछु होला भन्दै सदा चकित हुन्थ्यो; किनकि उसको लागि जहिल्यै केही न केही राखिएको हुन्थ्यो, जो उसकै लागि हालिएको थियो भन्ने उसलाई पक्का थाहा थियो।

तर हुलाकीले चाहिँ सबभन्दा राम्रो काम गर्दथे। बर्नियर–परिवारले कहिलेकहीं मात्र चिट्ठी पाउँथ्यो। यसैकारण हुलाकी आफैले हस्तापिछे

दानिएललाई चित्र भएको एउटा पोष्ट–कार्ड लेख्ने निर्णय गरे। उनी आफै उकालो लागेर त्यो पोष्ट–कार्ड दानिएलको हातमा पुर्‍याउने गर्थे। उनी हरेक हप्ता फरक–फरक दिनमा आउँथे। यसैले हरेक दिन बिहान उनी आउँछन् कि भनेर दानिएल उत्सुक हुँदै उनको बाटो हेर्थ्यो। हुलाकी कहिल्यै हतार गर्दैनथे, अनि दानिको पोष्ट–कार्ड जहिले पनि चिट्ठी बोक्ने थैलोको पींधमा हुन्थ्यो। चिट्ठीहरूको बीचमा उसकै कार्डको खोजी गर्दा र सबै कार्डमा नाम र ठेगाना पढ्दा दानिएललाई खुशीले रमाउँदै–चिच्च्याउँदै पाउँदा उनी मक्ख पर्थे। अनि त्यस दिनका चिट्ठीपत्रमा कहीं अलिकता दाग लागेको वा कोतरिएको भए पनि कसैले केही परबाह मान्दैनथे अथवा के–कसो भएको भनेर सोध्दैनथे।

# १०

# लुसियान्‌ले एउटा साथीलाई भेट्टाउँछ

जसरी गाउँलेहरूले दानिएललाई सहायता गर्दैथिए र उसलाई सकेसम्म सान्त्वना दिन खोजेका थिए, त्यसरी नै उनीहरूले लुसियान्‌लाई बाहेक गरेर उनीहरू उसलाई कति हेला गर्थे, त्यो देखाउन उनीहरूले सकेसम्म गरे। केही दिनसम्म त ऊ साँच्चिकै पीड़ाले आकुलव्याकुल

भयो। स्कूल–मास्टरले स्कूलमा उसको विषयमा, ऊ कति लुच्चो र हुल्याहा रहेछ भन्ने कुरा सबैलाई देखाउने एउटा वक्तव्य दिए। केटाकेटीहरूले उसलाई खेल–मैदानबाट लखेटे र उसलाई माटोले हानिपठाए। तर चाँड़ै तिनीहरूले त्यसो गर्न छोड़े र उसको केही मतलब राखेनन्। जब टोलीहरू छानिन्थे, तब ऊ जहिले पनि आखिरसम्म नै छोड़िन्थ्यो। एउटा जगेड़ा–कुर्सी त्यहाँ कक्षा–कोठामा थियो, त्यसमा ऊ एक्लै बस्नुपर्थ्यो; अरू सबैजना जोड़ी–जोड़ी भएर बस्दथे। साना केटाकेटीहरूसमेत ऊसित तर्किन्थे; किनकि तिनीहरूका आमाहरूले ऊसँग केही नगर्नू भनेर तिनीहरूलाई चेतावनी दिएका थिए; 'ऊ एउटा निर्दयी साँढ़े हो; त्यसले सानो दानि बर्नियरलाई जसरी ठक्कर दिएको थियो, त्यसै गरी त्यसले तिमीहरूलाई पनि दुःख देला,' उनीहरू भन्थे। यसैले साना भुराहरूले उसलाई कुनै एउटा राक्षसलाई झैं हेर्थे र जतिखेर ऊ तिनीहरूको नजिक आउँथ्यो, तिनीहरू पर भाग्थे। तल गाउँका दोकानहरूमा पसलेहरूले ऊसँग बोल्दै नबोलीकन उसलाई किनमेल गरेका चीजबीजहरू पसलको तखताबाट दिने गर्थे। दूधवाला ऊसँग कहिल्यै ठट्टा गर्दैनथ्यो र खुद्रा–दोकानदारकी श्रीमतीले, जसरी उनले अरू केटाकेटीहरूलाई बिस्कुटका टुक्राटुक्रीहरू खुसुक्क दिने गर्थिन्, त्यसरी कहिल्यै उसको हातमा दिँदिनथिन्। तिनीहरूले कहिल्यै ऊसँग दया राखेनन्, बोलेनन्; तिनीहरूले उसको वास्तै गरेनन्।

अनि लुसियान्, जो तिनीहरूसँग अति लजाउँथ्यो, तिनीहरूले उसलाई मन पराऊन् भनेर स्थिति बदल्न कुनै कोशिश नगरेर आफ्नै सानो एक्लो संसारभित्र डुब्यो। ऊ स्कूल जाँदा–आउँदा एक्लै हिँड्थ्यो, ऊ एक्लै बजार जान्थ्यो, र खेल–मैदानमा ऊ प्रायः एक्लै खेल्थ्यो। के केटाकेटीहरूले उसलाई यति साह्रो रुचाउँदैनथे ? त्यसो त होइन; किनकि केटाकेटीहरूले क्षमा दिइहाल्छन्, र छिट्टै बिर्सिहाल्छन्। तर यो त सब केवल उसको लाजले गर्दा थियो; त्यसैले उसलाई तिनीहरूसित घुलमिल हुन दिँदैनथ्यो। तब ऊ तिनीहरूका अनुहारमा सधैं तिनीहरूले उसलाई छिःछिः गरेको देख्न र तिनीहरूले दानिएललाई सम्झिरहेको कल्पना गर्न थाल्यो। यसरी बिस्तारै–बिस्तारै ऊ दूधवालादेखि लिएर स्कूलकै सबैभन्दा सानो नानीसँग पनि डराउन थाल्थ्यो।

लुसियान् आफैचाहिँ जहिले पनि दानिएलकै विषयमा सोचिबस्थ्यो। त्यो विचार उसलाई घेर्थ्यो र सिकार बनाउँथ्यो। अनि डाक्टरले के भनेका थिए भनेर अनितासँग सोध्ने उसको खूब मन थियो। तर दुर्घटना भएको दिनदेखि अनिताले न ता उसलाई हेरेकी थिइन्, न ऊसँग बोलेकी थिइन्; अनि उसले तिनीसित बोल्ने साहस गरेन। घरमा उसकी आमाले उसलाई चुपचापसित बसेको र बढ़ी मेहनती भएको भेट्टाउँथिन्; किनकि उसले के पत्तो लगायो भने बड़ो मेहनतसँग काम गर्दा मात्रै उसले आफ्नो एक्लोपना बिर्सन सक्थ्यो। यसकारण पहिले जस्तो अल्छे नभई उसले घर र बारीमा बेसरी परिश्रमसँग काम गर्न थाल्यो। उसकी आमाले उसको तारिफ गरिन्, अनि उसकी दिदी ऊप्रति दयालु भइन्; किनभने उनी एउटी पौरखी केटी थिइन् र लुसियान्को अल्छे चालले उनलाई साह्रो टाउको तताएको थियो।

तर एउटा ठाउँमा मात्रै लुसियान् पूरापूर खुशी हुन्थ्यो, अनि त्यो थियो, बनमै। यहाँ रूखहरूले उसलाई तिनीहरूको छायामा बस्न स्वागत गर्थे, र उसलाई घृणा गर्ने संसार बाहिर रहन्थ्यो। जतिखेर ऊसँग फुर्सद हुन्थ्यो, त्यस बेला ऊ फुत्त भागेर यस ठाउँमा आउँथ्यो र रूखको फेदमा अथवा रूखको ठूटामाथि टुक्रुक्क बस्थ्यो, आफ्नो साना आकृतिहरू कुँद्न थाल्थ्यो र कुँद्ने आनन्दमा मक्ख परेर ऊ अरू सबै थोक भुल्थ्यो। धूपीका रूखहरूमन्तिर बसेर कुँद्दा ऊ आफ्ना कपाल र हातहरूमा अघौटे गर्मी यामको घामको स्पर्श महसुस गर्थ्यो र बनको शान्ति र सुन्दरताले उसलाई शान्त गरायो र सान्त्वना दियो।

अब निक्कै माथि बनको छेउमा एउटा सानो काठको घर ठिङ्ग खड़ा थियो। त्यस पहाड़ी घरमा एउटा निक्कै बूढ़ा मानिस आफू मात्रै बस्दथे। धेरै पहिले उनी पन्छिएर त्यहाँ आफ्नो बाख्रासित, आफ्ना कुखुरा र आफ्नो बिरालोसित एक्लै बस्थे। उनी एउटा अनौठा बूढ़ा थिए र गाउँका सबैजना उनीसँग डराउँथे। उनी कहिलेकहीं मात्र गाउँमा किनमेल गर्न तल आउँथे; तर जब उनी गाउँतिर झर्थे, तब केटाकेटीहरू उनलाई देखेर सुइँकुच्चा ठोक्थे। तिनीहरूले उनलाई 'पहाड़े बूढ़ो' भन्ने नाम दिएका थिए। कसैले उनी कन्जुस थिए भन्थे; कसैले उनी पुलिसदेखि लुकेका थिए भन्थे;

अनि अरूले उनी एउटा सन्काहा र दुष्ट थिए भन्थे। जे भए पनि उनको घरभित्र कोही पनि पस्दैनथियो, र साँझ परेपछि त्यो बाटो भएर कोही पनि जाँदैनथियो।

स्कूलको आधा–बिदा भएको दिनमा लुसियान् पहिले भन्दा टाढ़ा हुने गरी माथि पहाड़हुँदो भौतारिएको थियो, र कुँद्ने काममा जोड़तोड़ले लाग्दै सधैंझैं कहीं भुइँमा बसेको थियो। उसले कटुस दुवै पन्जाको बीचमा पक्रँदै गरेको एउटा लोखर्केको आकृति कुँद्दैथियो; त्यस बेला अचानक उसको पछिल्तिर सास बढ़ेको कुनै आवाज सुनेर ऊ झसँग भयो, र फरक्क फर्केर उसले उसको काँधबाट उसको काम नियाल्ने पहाड़े बूढ़ालाई देख्यो। उनलाई देखेर लुसियान् तर्सियो; किनकि उनको विशाल, लट्टा परेको, खैरो दाह्रीले उनको छाती ढाकेको थियो, र उनको कुप्रुक्क बाँङ्गिएको कैलो नाकले उनलाई कुनै सिकार गर्ने हिंस्रक चराजस्तै देखिने बनाएको थियो। तर केही क्षण खङ्ग्रङ्ग भई लुसियान्ले उनीमाथि एकटक लगाएर हेरेपछि उसले उनका आँखा देख्यो; ती कति चम्किला, दयालु र एकदमै चाख मानेझैं थिए। उसले नभाग्ने निर्णय गऱ्यो; किनभने उसको उराठलाग्दो ठूलो एक्लोपनाले उसलाई अरू बेलाभन्दा कम डर मान्ने तुल्यायो। यी बूढ़ा मिलनसार नभएका हुन सक्थे अथवा दुष्टै हुन सक्थे, तर लुसियान्ले के गरेको थियो, त्यस विषयमा उनलाई केही थाहा थिएन।

यसकारण उसले सक्दो दह्रो स्वरमा ‘नमस्ते हजुर!’ भन्यो; त्यसपछि के हुने होला भनेर पर्खिबस्यो। ती बूढ़ाले खैरै पन्जाझैं एक हात बढ़ाएर त्यो कुँदिएको सानो लोखर्के टिपे। उनले त्यसलाई यताउता पल्टाई त्यसलाई जाँच गरेर हेरे। त्यसपछि उनी फट्ट बोले: ‘एउटा बालक भएर तिमीले निक्कै राम्ररी कुँद्छौ; तिमीलाई सिकाउने को हो?’ ‘हजुर, मलाई सिकाउने कोही पनि छैन; म आफैले सिकेको हुँ।’ ‘त्यसो भए तिमी निपुण रहेछौ; अनि यस्तोलाई ठीक खाले कुँद्ने हतियारहरूको खाँचो छ। अलिकति तालिम लिएपछि तिमीले आफ्नो जीविका चलाउन सक्छौ। तिम्रो लोखर्के त ठ्याक्कै जिउँदै लोखर्केझैं देखिन्छ।’ ‘हजुर, मसँग कुनै हतियार छैन; अनि मसँग हतियार किन्ने पैसा पनि छैन।’

जवाफमा ती बूढ़ाले आफ्नो पन्जाजस्ता हातले मलाई पछ्याऊ भन्ने इसारा गरे; अनि लुसियान्लाई सपना देखेझैं लाग्दै ऊ जुरुक्क उठ्यो,

र बाक्लो घारीहुँदो उनलाई पछ्यायो। बनको छेउसम्म नआइपुगुन्जेल उनीहरू चुपचापसित उकालो चढ़े; त्यहाँ बूढ़ा मान्छेको सानो काठे घर ठिङ्ग उभिएको थियो। त्यस पहाड़ी घरको छेउमा भएको एउटा सानो कुखराको खोरदेखि बाहेक त्यहाँ अरू कुनै घर थिएन। बाख्राचाहिँ बूढ़ा मान्छेसँगै भान्सा-कोठामा साझेदारी गर्थ्यो - अदुवा-रङ्ग भएको बिरालोले त्यस्तै गर्‍यो, जो घमाइलो घाममा नुहाउँदैथियो। अनि पराल राख्ने बुइगलचाहिँ सुत्ने कोठा पनि थियो, जहाँ बाख्रालाई हिउँदमा खुवाउन राखिएको परालले भरेर बिछाएका बोराहरूमाथि ती बूढ़ा सुत्ने गर्थे। भान्सा-कोठा र बैठक-कोठा झुत्रेझाम्रे प्रकारले सजाइएका थिए। त्यहाँ एउटा चुल्हो, एउटा दूध दुहुने गौवा, र एउटा मुढ़ा थियो; त्यहाँ एउटा टेबिल, एउटा कुर्सी र एउटा चीज बनाउने चेपुवा थियो। तर चारैतिर सारा भित्ताभरि नै बाख्राले नभेट्टाउने गरी कुँदिएका काठे आकृतिहरूले भरिएका तखताहरू थिए। ती आकृतिहरूमध्ये कति सुन्दर, कति कुरूपका थिए, तर सबै पक्का पनि एउटा निपुण कलाकारका हस्तकला थिए।

भालु, गाई, वनबाख्रा र बाख्राहरू त्यहाँ खड़ा थिए भने सन्त बर्नार्ड-कुकुर र लोखर्केहरू पनि थिए। त्यहाँ स-साना पुरुष-स्त्री, वन-झाँक्री, बाउन्ने र नाचिरहेका केटाकेटीहरू थिए। त्यहाँ बिर्काहरूमा लेकाली फूलका बुट्टा कुँदिएका बाकसहरू थिए भने थालहरू पनि थिए, जसको बिटमा वरिपरि फूलैफूल कुँदिएका थिए। अनि सबभन्दा राम्रो कुरा के थियो भने त्यहाँ नूहको जहाज थियो, जसभित्र स-साना जनावरहरूको हुल लावालस्कर जाँदै गरेको थियो। लुसियान्‌ले त्यसबाट आफ्ना आँखा उठाउन सकेन। ऊ ट्वाल्ल हेरिरहन्थ्यो, एकटक हेरिरहन्थ्यो। 'यो सब मेरो एउटा सौख्य मात्र हो,' बूढ़ाले भने; 'जाड़ो यामका बेलुकामा तिनीहरूले मलाई सँगत दिन्छन्। अब बाबु, यदि बेला-बेलामा तिमी आएर मलाई भेटिरहन्छौ भने म तिमीलाई कुँद्ने हतियारहरू कसरी चलाउनुपर्छ, सो सिकाउँला।' उत्सुक भएर लुसियान्‌ले आफ्ना आँखा उठायो। बूढ़ाको पूरै अनुहार ताजा थियो, र अब उसले उनमा कुनै कुरूप देख्न सकेन। 'शायद म छिट्टै आफ्नो कमाइ गर्न सक्ने हुनेछु; के हजुरले यो भन्नुभएको हो?' उसले हिचकिचाउँदै सोध्यो। 'यो त समय लाग्छ, बाबु!' बूढ़ा मान्छेले भने; 'हो,

मेरो एकजना साथी छ; उसले काठ–कला राम्रो दाममा बिक्री गर्छ। उसले मेरा थुप्रै स–साना आकृतिहरू बिक्री गरेको छ; तर कुनै–कुनै मलाई मन पर्छ र राख्न चाहन्छु। छोटो अवधिभित्र मेरो साथीले तिम्रा सबभन्दा राम्रा हस्तकला तिम्रा लागि बिक्री गर्न थाल्छ होला; किनकि चाँडै तिम्रो चक्कुले भन्दा तिमीले मेरा हतियारहरूले राम्ररी कुँद्न सक्नेछौ।'

अझै वाल्ल परेर लुसियान्ले उनीतिर हेरिरह्यो। उसको मन धन्यवादको भावले नाचिरहेको थियो; किनभने यी बूढ़ाले उसको वास्ता गरेर ऊप्रति चासो राख्थे। आखिरमा यहाँ कोही मानिस रहेछन्, जससँग डराउनु खाँचो थिएन र जसले उसको बारेमा राम्रै सोचेका थिए। तब उसले च्याप्प ती बूढ़ाको हात पक्र्यो।' ओहो, हजुरलाई धन्यवाद!' ऊ उच्च स्वरले भन्यो; 'मप्रति तपाईं कति भला हुनुहुन्छ।' 'धत्,' बूढ़ा मान्छेले भने; 'म एक्लै छु, र मेरो कुनै साथी छैन। हामी दुईजना सँगै बसेर कुँद्न सक्छौं।' 'अनि म पनि त एक्लै हुँ, र मेरो कुनै साथी छैन,' लुसियान्ले त्यतिकै जवाफ दियो। जब बनहुँदो लुसियान् घरतिर हिँड्दैथियो, तब उसको दिमाग विभिन्न विचारहरूले भरिरह्यो, तर एउटा विचार अरू सब विचारभन्दा महत्त्वपूर्ण थियो: उसले दानिएलको लागि ती बूढ़ा मान्छेले कुँदेझैं दर्जनौं ससाना आकृति साथमा भएको एउटा नूहको जहाज बनाउनेछ – सिंह, हात्ती, ऊँट, गाई र खराया आदि साथै नूह र उनकी पत्नी पनि। अनि त्यो जहाज सुन्दर हुन्छ भने ऊ बर्नियरको घरमा जानेछ र त्यो मेलमिलापको सौगात–स्वरूप दानिएललाई दिनेछ। पक्कै हो, त्यो भन्दा राम्रो उपहार त कसैले पनि दानिएललाई दिन सक्दैनथियो होला। त्यसपछि शायद, शायद उनीहरूले उसलाई दानिएलसँग फेरि अलिकता मित्रता गाँस्न दिन्छन् कि!? यस्तो विचारले उसको मुटु छिटो–छिटो ढुकढुक गर्न थाल्यो। पूरै दुई घण्टासम्म ऊ एकदमै खुशी थियो, र उसको खुशी बनको बाटोभरि रहिरह्यो; त्यसपछि रूखहरू पातला भए, र तलतिर उसले गाउँ देख्यो। भोलि ऊ फेरि स्कूल जानुपर्थ्यो। भोलि उसले एक्लोपना र डर फेरि महसुस गर्नेथियो। तर आज उसले एउटा साथी भेट्टाएको थियो।

यसरी हप्ताको तीन पल्ट स्कूल सक्नेबित्तिकै लुसियान् सुनसान धूपीको बन भएर माथि लम्कन्थ्यो, ती बूढ़ा मान्छेको काठे घरको सामु खुड्किलामा बस्थ्यो र आफ्नो नूहको जहाजमा काम गर्थ्यो। धारिला

चक्कुहरू भएका र सजिला घुमाउनेहरू भएका हतियारहरू चलाउन पाउँदा उसको निम्ति एउटा गजबको अनुभव थियो – उसको पुरानो चक्कुभन्दा कता हो कता फरक। बूढ़ा मान्छेले लुसियान्को सीपमा अचम्म माने। नूहको जहाजको वंश बढ्दै–बढ्दै गयो। हरेक पल्ट बाटोमा आउँदा उसले कुनै नयाँ जनावर कुँद्ने योजना बनाउँथ्यो। यसैले आकृतिहरूको लहर झन् लोमो र अझै लामो हुँदै गयो।

यतिखेर लुसियान्को लागि अर्को उत्तेजना बढ़ाउने कुरा थियो। स्कूलमा एकजना निरीक्षक आएर विद्यार्थीहरूको बीचमा हस्तकला–प्रतिस्पर्धा गर्ने आयोजना तयार गरे। केटीहरूमा बुन्न, सिउन अथवा फित्ता बुन्नमा को सबभन्दा सिपालु हुने, अनि केटाहरूमध्ये को काठ कुँद्नमा सबभन्दा राम्रो हुने यस प्रतिस्पर्धाको विषय थियो। यसो हुनाले केटाहरूमध्ये धेरैले आ–आफ्ना फुर्सदमा काठ चोइट्याउन थाले; र कोही–कोही त काठ कुँद्नमा सिपालु हुँदै आएका थिए। 'तर मजतिको सिपालु त कोही पनि छैन,' एक्लै घरतिर लर्खराउँदै गर्दा लुसियान्ले आफैसँग कानेखुशी गर्‍यो; 'पाठहरू गर्नमा म मूर्खै भए पनि र कोही पनि मसँग खेल्दैन; ता पनि म कुनै न कुनै काम गर्नमा सिपालु हुँ भनी तिनीहरूले जान्नेछन्।' अनि छक्कै परेर स्कूलको सामु कसरी आफ्नो पुरस्कार लिन गइरहेको कल्पना गर्दै लुसियान्ले घरतिर आफ्नो बाटो लाग्दै गर्दा गीत गायो। शायद त्यसपछि तिनीहरूले उसलाई मन पराउलान् कि!?

लुसियान् घोड़ाहरू मन पराउँथ्यो। यसैले उसले पूरा बुर्कुसी मार्दै गरेको जगर उड़िरहेको, त्यसको पुच्छर पूरा तन्किएको र त्यसको नाकका प्वालहरू फुलेको एउटा घोड़ा कुँद्नेथियो। ती बूढ़ाले पनि यस्तै खालको एउटा घोड़ा कुँदेका थिए र लुसियान्ले त्यसलाई खूब तारिफ गरेको थियो। नूहको जहाज सकिन लागेको थियो; त्यसपछि उसले आफ्नो सानो घोड़ा कुँद्न थाल्नेथियो। यही खबर सुनाउन ऊ सरासर माथि ती बूढ़ाको घरतिर दौड़्यो। बूढ़ा मान्छे मक्ख परका थिए, र लुसियान्ले नै प्रतियोगिता जित्नेछ भन्ने कुरामा उनी लुसियान् भए जतिकै निश्चित थिए।

'तर अझ किन एउटा घोड़ा बनाउने त?' उनले सोधे; 'तिमी त आफ्नो नूहको जहाज लिएर प्रतियोगितामा लाग्न सक्छौ। तिम्रो जतिकै उमेर भएको केटाको लागि त्यो एकदम मजासँग गरिएको छ।'

लुसियान्ले आफ्नो टाउको हल्लायो; 'त्यो त एउटा उपहार हो,' उसले दृढ़ हुँदै भन्यो।

'एउटा उपहार ? कसको लागि ? तिम्रो भाइको लागि ?'

'होइन, एउटा सानो केटोको लागि, जो घाइते भएको छ र हिँड्न सक्दैन।'

'हो र ? कसरी ऊ त्यस्तो भयो त ?'

'ऊ खोचको डिलदेखि तल खस्यो।'

'विचरा, सानो केटो ! त्यो कसरी हुन गयो ?'

एकछिनसम्म त लुसियान्ले जवाफ दिएन, तर यी बूढ़ा ऊसँग मिल्ने साथी भइसकेका थिए र ऊप्रति एकदमै दयालु थिए; यसले उसलाई सत्य बोलूँ–बोलूँ बनायो। आखिरमा उसले आँखा उठाएर भन्यो: 'ऊ खसेकोमा मेरो गल्ती थियो; मैले उसको बिरालोको बच्चा त्यहाँ फालिदिएँ र उसले त्यो निकाल्न खोज्यो।' यति भन्नेबित्तिकै उसले आफ्नो जिब्रो टोकेर निकाल्न चाहन्थ्यो; किनकि उसलाई के लाग्थ्यो भने अबचाहिँ ती बूढ़ाले उसलाई पनि घृणा गर्नेछन् र अरू–अरूले झैं उसलाई पनि सदाको लागि बिदा गर्नेछन्। तर उनले त्यसो गरेनन्। बूढ़ा मान्छेले एकदम मायाले भने: 'ए, यसकारण तिम्रो कोही साथी नभएको ?'

'अँ !'

'अनि यो खेलौना बनाएर त्यस केटोसँग सब कुरा ठीकठाक पार्ने आशा गरेको, तिमी ?'

'हजुर, हो।'

'तिमी एउटा राम्रो काम गर्दैछौ ! कसैको प्रेम जित्नु बड़ो गाह्रो काम हो, तर त्यस कामलाई नछोड़। जसले प्रेम कमाउनुमा लागेर मरिमेट्छ, ऊ उसको प्रेमबाट फाइदा उठाउनेभन्दा बढ़ी खुशी हुनेछ।'

'साँच्चै मैले त तपाईंको कुरै बुझिनँ,' लुसियान्ले भावुक हुँदै भन्यो।

'मैले भन्न खोजेको के हो भने जब तिमीले आफ्नो हृदयको प्रेम उनीहरूमाथि खन्याउन बल र समय खर्च गर्छौ, जो तिम्रा साथीहरू होइनन्, तब तिमी कतिपल्ट निराश होऔला र हरेश खाऔला। तर यदि तिमीले प्रेम गर्नुमा लागिरह्यौ भने तिमीलाई फेरि प्रेम गरिओस् वा नगरिओस्, तिमीले

प्रेम गरिरहनुमा आनन्द भेट्टाउनेछौ। म, एउटा एक्लै बस्ने र कसैलाई प्रेम नगर्ने मानिसले तिमीलाई यसो भनेकोमा तिमीलाई ताजुप लागेको होला; तर मैले जस्तै भनेको छु, कुरा त्यस्तै हुन्छ, मलाई पूरा विश्वास छ।'

त्यस साँझ नूहको जहाज सकिएको थियो; अनि लुसियान् रातो अनुहार र ढकढक गरिरहेको मुटु लिएर आफ्नो घर जाने बाटोमा त्यो जहाज बर्नियरको घरमा छोड्न त्यतातिर लाग्यो। जब ऊ त्यो घर देखिने ठाउँमा आइपुग्यो, तब ऊ खङ्ग्रङ्ग हुँदै एउटा रूखको पछाड़ि लुक्यो। उसले के भन्ने हो ? उसले मौनता कसरी तोड्नेछ होला ? यदि उसले दानिएललाई एक्लै भेट्न पाए त यो सजिलो हुन्थ्यो। तर स्कूल सकिएपछि अनिता जहिले पनि ऊसँग हुन्थिन्। नूहको जहाज देखेपछि उनीहरूले पक्कै पनि उसलाई क्षमा दिनेथिए होला ! ? यदि उनीहरूले उसलाई क्षतिपूर्ति गर्ने यही एउटै मौका मात्र दिएर उसलाई क्षमा मात्रै दिए हुन्थ्यो। तब ऊ आनन्दसाथ उसको बाँकी जीवनभरि नै यसको निम्ति आभारी रहनेथियो। यसकारण आशा राख्दै र त्राससित संघर्ष गर्दै लुसियान् त्यस रूखको पछाड़िदेखि अघि आयो र यस घरतिर लाग्यो।

अनिता एक्लै बाहिर बसिरहेकी थिइन्। लुसियान्ले गाह्रोसँग थुक निल्यो, र तिनीतिर गएर नूहको जहाज टक्रायो। 'यो दानिको लागि हो,' ऊ गुनगुनायो र शब्दहरू उसको घाँटीमै टाँसिएका छन् झैं उसलाई लाग्थ्यो। तल भुइँमा हेर्दै उसले अनितालाई त्यो बाकस टक्रायो। 'तिमीले यहाँ आउने आँट कसरी गर्‍यौ !' तिनी बम्किइन्; 'दानिलाई उपहारहरू दिने साहस तिमीले कहाँबाट लियौ ? भागिहाल – अनि यहाँ फेरि कहिल्यै फर्केर नआऊ !' अनि जब तिनले यसो भनिन्, तब तिनले नूहको जहाजलाई आफ्नो खुट्टाको भएभर बलले दाउराको रासतिर हिर्काइपठाइन्। सारा साना–साना जनावरहरू ठूटाहरूमाथि छरपष्ट भए।

लुसियान्ले एकछिनसम्म तिनीतिर आँखा तरेर हेर्‍यो, त्यसपछि ऊ फरक्क फर्क्यो, सकेसम्म छिटो कुदेर भाग्यो। उसको सब मेहनत खेर गयो। उसलाई कहिल्यै क्षमा दिइनेछैन। यो सब समयको ठूलो बर्बादी मात्र भएको थियो। तब यी बूढ़ाका शब्दहरू उसको रिस र तीतो कुँड़िएको मनभित्र पसेर सानो ज्योतिको किरणले झैं उसको दिमागमा काम गरे। 'जसले प्रेम कमाउनुमा लागेर मरिमेट्छ, ऊ प्रेमबाट फाइदा

उठाउनुभन्दा प्रेम कमाउँदै गरेकोमा बढ़ी खुशी हुनेछ।' अँ, शायद यो कुरा साँचो थियो। अवश्य उसले हालै कुनै फाइदा उठाएको थिएन, तर पनि नूहको जहाज बनाउँदा र दानिएलको रमाहटको विषयमा सोच्दा ऊ आफै कति खुशी भएको थियो। उसले मरिमेटेर आफ्नो प्रेम आफ्नो काममा लगाइरह्यो भने शायद कुनै दिन कसै न कसैले यो प्रेम स्वीकार गर्ला र यस प्रेमको खातिर उसलाई पनि प्रेम गर्ला कि!? यस विषयमा उसलाई केही निश्चित थाहा थिएन, तर उसले हालै हरेश नखाने निर्णय गर्‍यो।